# पर्वत पोखराचौरका भुसाल जातिको पेशा तथा व्यवसायमा आएको परिवर्तन : एक मानवशास्त्रीय अध्ययन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

पृथ्वीनारायण क्याम्पस मानवशास्त्र विभाग, स्नातकोत्तर तह

दोस्रो वर्षको प्रयोजनको लागि प्रस्तुत

## शोध पत्र


शोधार्थी

कपिल प्रसाद भुसाल

रोल नं. १८/०६९

त्रि.वि दर्ता नं. : ९-१-४८-१८९६-२००५



त्रिभुवन विश्वविद्यायालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा


२०७७


पर्वत पोखराचौरका भुसाल जातिको पेशा तथा व्यवसायमा आएको परिवर्तन : एक मानवशास्त्रीय अध्ययन

कपिल प्रसाद भुसाल

२०७७

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनाराय क्यामपस, मानविकि सङ्काय अर्न्तगत समाजशास्त्र तथा मानवशास्त्र विभाग अर्न्तगत मानवशास्त्र विषय अन्तएगत स्नातोकोत्तर तह दोश्रोबर्षको आवश्यकता परिपुर्तिको निम्ति शोधार्थी कपिल प्रसाद भुसालले यस विभागमा प्रस्तुत गर्नुभएको **पर्वत पोखराचौरका भुसाल जातिको पेशा तथा व्यवसायमा आएको परिर्वतन** शीर्षकमा आधारित रही तयार पारिएको शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । उक्त शोधपत्र प्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनको लागी सिफारिस गर्दछु ।

..........................................

शरद कुमार पौडेल

शोध निर्देशक

मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०७७- १०- २६

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनाराय क्याम्पस, मानविकी सङ्काय अर्न्तगत समाजशास्त्र तथा मानवशास्त्र विभाग अर्न्तगत मानवशास्त्र विषय अन्तएगत स्नातोकोत्तर तह दोश्रो वर्षको आवश्यकता परिपूर्तिको निम्ति शोधार्थी **कपिल प्रसाद भुसाल**ले यस विभागमा प्रस्तुत गर्नुभएको **पर्वत पोखराचौरका भुसाल जातिको पेशा तथा व्यवसायमा आएको परिर्वतन** शीर्षकमा तयार पारिएको शोधपत्रलाई मूल्याङ्कन समितिबाट स्नातकोत्तर उपाधिका लागि उचित ठहऱ्याइएकोले स्विकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

........................................

शरद कुमार पौडेल

शोध निर्देशक

........................................

जनार्दन थापा

बाह्य परिक्षक

........................................

जनार्दन थापा

विभागीय प्रमुख

मिति : २०७७-११-१६

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस पोखरा, मानविकी सङ्काय अन्र्तगत मानवशास्त्र बिषयमा स्नातोकोत्तर तहको आवश्यकता परिपुर्ति गर्नका निमित्त **पर्वत पोखराचौरका भुसाल जातिको पेशा तथा व्यवसायमा आएको परिर्वतन** शीर्षकको शोधपत्रलाई पेश गरिएको छ । अध्ययनको सिलसिलामा आफ्नो व्यस्तताको बावजुत पनि महत्वपुर्ण समय उपलब्धगराई अमुल्य सहयोग गरि उपलब्ध गराई हरेक पाईलाहरूमा दिशा निर्देशन गर्नुहुने शोध निर्देशक आदरणीय गुरु शरद कुमार पौडेल ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसै गरी यस शोध अध्ययनको शीर्षकलाई उचित ठानी अध्ययन गर्न प्रेरित गर्नु हुने विभागीय प्रमुख प्रा. जनार्दन थापा ज्यूप्रति कृतज्ञता व्यक्त गर्दछु । साथै विभागका प्राध्यापकज्यूहरू प्रति आभार व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्दा तथ्याङ्क सङ्कलनको क्रममा आफ्नो महत्वपुर्ण समय एव्म जानकारी उपलब्ध गराउने फलेवास नगरपालिका वडा नं. ३, पोखराचौरका भुसाल समुदायका मुख्य उत्तरदाताहरूलाई धन्यवाद दिन चाहान्छु । साथै विभिन्न समुहहरूमा आवद्ध पदाधीकारीहरू, मुख्य जानिफकार व्यक्तिहरू, समुहगत छलफलमा भाग लिई सहयोग गर्नु हुने सम्पुर्ण व्यक्तिहरू प्रति पनि आभार व्यक्त गर्न चाहान्छु । शोधपत्र तयार गर्ने शिलशिलामा आवश्यक तथ्याङ्कको लागी आवश्यक पुस्तक, शोधपत्र उपलब्ध गराई सहयोग गर्नु हुने पश्चिमाञ्चल क्षेत्रिय पुस्तकालयका सम्पुर्ण कर्मचारीहरू प्रति पनि आभार व्यक्ति गर्दछु । शोध अध्ययन लेखन कार्य सम्पन्न गराउनका निमित्त हरपल हौसला, सहयोग र प्रेरणादायी भूमिका निर्वाहगर्नु हुने आदरणीय भुसाल समुदायका आदरणीय व्यक्तित्वहरू, परिवारका सम्पुर्ण सदस्यहरू र साथीहरू तथा प्रत्यक्ष तथा अप्रतक्ष्य सहयोग गर्नु हुने सम्पुर्णहरू प्रति विशेष आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्र तयार गर्ने कुशल रूपमा प्रिन्टिङ तथा बाइन्डिङ गर्न सहयोग गर्नुहुने श्रेष्ठ कम्प्युटर सर्भिस, नदीपुरप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

मिति : २०७७/१०/२६

.........................

कपिल प्रसाद भुसाल

## विषय सुची


स्वीकृति पत्र

सिफारिस पत्र

कृतज्ञताज्ञापन

**अध्याय १ :**

**परिचय**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको उदेश्य | २ |
| १.४ | अध्ययनको औचित्य | ३ |
| १.५ | अध्ययनको सीमा | ३ |

**अध्याय २ :**

**साहित्य पुनरावलोकन**

| | | |
|---|---|---|
| २.१ | अवधारणात्मक समालोचना | ५ |
| २.२ | पूर्व साहित्यको पुनरावलोकन | ७ |

**अध्याय ३ :**

**अनुसन्धान पद्धति**

| | | |
|---|---|---|
| ३.१ | अध्ययन क्षेत्रको छनौटको औचित्यक | १० |
| ३.२ | अनसन्धान ढाँचा | १० |
| ३.३ | समग्र तथा नुमना | ११ |
| ३.४ | तथ्याङ्कको प्रकृति र श्रोतहरू | ११ |
| ३.५ | तथ्याङ्क सङ्कलन विधि | ज्ञद्द |
| | क. अवलोकन | १२ |
| | ख. अन्तरवार्ता | १२ |
| | ग. मुख्य जानकारी अन्तरर्वाता | १२ |
| ३.६ | तथ्याङ्क विश्लेषण | १३ |

३.७ कृतिको अध्याय संरचना १३

**अध्याय ४ :**

**नेपालमा भुसाल जातिको उद्गम र विकास**

४.१ नेपालमा विविध जातिहरू १५

४.२ नेपालमा भूषलको उद्गम र विकासक्रम १६

४.२.१ पर्वत जिल्ला स्थित शंकरपोखरीमा बसोबास गर्ने भुसालहरू १७

४.२.२ भट्टराईबाट भुसालमा परिर्वतन हुनुको कारण १८

**अध्याय ५:**

**पोखराचौरका भुसालजातिको सामाजिक र साँस्कृतिक पक्ष**

५.१ भुसाल जातिको पक्ष २०

५.१.१ भुसालजातिको शैक्षिक अवस्था २०

५.१.२ भुसाल जातिको परिवार र अन्य जाति र समुहबीचको सम्बन्ध २२

५.१.३ विभिन्न संघसंस्था, समाजसेवा, र विकास निर्माणका कार्यमा भूसाल जातिका आवद्धता एवं सहभागीता २३

५.२ भुसाल जातिको साँकृतिक पक्ष २४

५.२.१ भुसाल जातिको धर्म, गोत्र एवं कुलदेवता २५

५.२.२ भुसाल जातिको सगोत्रीथरहरू २६

५.२.३ भुसाल जातिमा जाति प्रथा २७

५.२.४ भुसाल जातिमा जुठो सुतक सम्बन्धि निर्णय २७

५.२.५ भुसाल र रिजाल सम्बन्ध र कुलपुजामा सहभागीता २७

५.२.६ भुसाल जातिका सोह्र संस्कारहरू २९

५.३ भुसाल जातिको पोखराचौरबाट अन्य स्थानमा बँसाईसराई २९

५.४ भुसाल जातिको बासस्थान र भौतिक सम्पत्तिको स्थिती ३१

**अध्याय :६**

**भुसालजातिको परम्परागत पेशाको अवस्था**

६.१ परिचय ३२

६.२ पेशा र व्यवसाय घद्द

६.२.१ कृषि ३२

६.२.२ पशुपालन ३४

६.२.३ व्यापार व्यवसाय ३६

६.२.४ सरकारी सेवा ३७

६.२.५ वैदेशीक रोजगार ३८

६.२.६ उद्यम /शिल्प ३९

६.३ आर्थिक सम्वृद्धिमा महिलाको भुमिका र भुसाल जातिमा महिलाको अवस्था ३९

६.४ परम्परागत पेशामा संलग्नता र निरन्तरताको अवस्था ४१

**अध्याय : ७**

**भुसाल जातिको परम्परागत पेशामा परिर्वतन, चुनौति र संभावना**

७.१ वैकल्पिक (फरक) पेशामा आवद्धताको अवस्था ४३

७.२ फरक पेशा अपनाउनुको कारण ४४

७.३ फरक पेशा अवलम्बन गर्नुको कारक त्तत्व ४६

७.३.१ सामाजिक /आर्थिक त्तत्व ४६

७.३.२ बाह्य तत्व ४७

७.४ फरक पेशा अवलम्बन गर्दाको चुनौति ४७

**अध्याय : ८**

**सारंश, प्राप्ति र निष्कर्ष**

८.१ सारंश र प्राप्तिहरू ४९

८.२ निष्कर्ष ५३

**अनुसुचीहरु :**

**अन्तरवार्ता अनुसुची** ५४

**तस्बिरहरु** ५८

**सन्दर्भग्रन्थ सूची** ६०

# तालिका सूची


तालिका नं. १ : उत्तरदातारूको जनसांख्यीक विवरण १८

तालिका : २ उत्तरदातारूको शैक्षिक अवस्थाको विवरण २१

तालिका नं. : ३ उत्तरदातारूको बसाईसराई को अवस्था ३०

तालिका नं. : ४ उत्तरदातारूको खेत माथिको स्वामित्वको अवस्था ३३

तालिका नं. : ५ उत्तरदातारूको स्वामित्वमा रहेको पाखोको विवरण ३४

तालिका नं. : ६ उत्तरदातारूको पशुपालन व्यवसायको विवरण ३५

तालिका नं. :७ उत्तरदाताहरूको बार्षिक आयका विवरण ३६

तालिका नं. : ८ सरकारी रोजगारीको वर्तमान अवस्था ३७

तालिका नं. : ९ उत्तरदातारूको देशगत वैदेशिक रोजगारीको स्थिति ३८

तालिका नं. १० पछिल्लो दशकमा कृषि र पशुपालन व्यवसाय अँगाल्ने परिवारहरू ४२

तालिका नं. : ११ पेशा परिर्वतन गर्न अभिप्रेरित गर्ने मुख्य तत्वहरू ४५

# अध्याय : एक

# परिचय

## १.१ पृष्ठभूमि

कुनै पनि देश वा जातिको मौलिक पहिचान दिन सक्ने विशेषतालाई यस देश वा जातिको सँस्कृतिको रूपमा लिइन्छ। संस्कृतिले देश वा जातिको कला, साहित्य, संगीत, बौद्धिकता, आचारण र व्यवहार प्रर्दशन गर्दछ। विश्व परिर्वतनशील रहेको छ। परिर्वतनशिल विश्वमा विभिन्न प्रकारका धर्म र सम्प्रदाय, विभिन्न प्रकारका जातजातिहरू र उनीहरूका आ- आफ्ना प्रकारका मूल्य मान्यता, रीतिरिवाज, चालचलन एवं व्यवहारहरू रहेका छन्। भौगोलिक हिसावले सानो देश भएता पनि विविध जात जाति, भाषा भाषी, धर्म सम्प्रदाय र संस्कृतिको भण्डारको रूपमा परिचित छ। प्राचिन कालदेखि मंगोल, किंरात र आर्यहरूको संगम थलोको रूपमा चिनिने देश नेपाल प्रजातिय मिश्रणको आधारमा सामाजिकरण हुँदै साँस्कृतिक विकास भएको पाइन्छ। समग्रमा भन्नु पर्दा यहाँ अनेकतामा एकता र एकतामा अनेकता रहेको पाइन्छ।

यदि हामीले महाभारत र पुराणहरूलाई सिंहावलोकन गर्ने हो भने त्यहाँ देवता र दानव तथा ऋषि-महर्षिहरूको इतिहास र वंशावली भेटाउन सक्छौं। हामी मानव जाति यो अवस्थामा के कसरी आयौ भन्ने कुरा थाहा पाउनको लागि हामीले आफ्ना पूर्खाहरूको इतिहास खोज्नु पर्ने हुन्छ। तब मात्र हामी विश्वभरीका समस्त मानवहरूका शाखा सन्तति र आ- आफ्ना वंश भित्रका बन्धुबान्धवर अन्य शाखा भेटाउन सकिनेछ। निरन्तर प्रयासले अनुभवी बनाउँछ र प्राप्त अनुभवले नै उच्चस्तरको कार्यमा सफलता मिल्दछ, भन्ने बुझाइका साथ नेपालमा भुसाल वंशको इतिहास खोज्ने कार्यको शिलन्यास गरिएको छ।

नेपालमा भुसाल जातिको इतिहास लेखेको अध्यापि देखिएको छैन। प्राचिनकाल देखिको ईतिहासलाई हेर्ने हो भने विभिन्न वंशका मानिसहरूको विशिष्ट योगदान रहन गएको देखिन्छ। भुसाल जातिका व्यत्तिहरूले पनि राष्ट्र निर्माणमा विभिन्न योगदान पुऱ्याएको हुन सक्लान तर त्यसको खोजीनीति कहीँ कतै पनि भएको देखिदैन। भुसालहरू नेपालमा कहाँबाट आएका हुन, कहाँ कहाँ बस्दछन् ? के कस्तो पेशाा व्यवसाय अँगालेका छन् ? वासस्थान र सङ्ख्यात्मक आंकडा के कस्तो रहेको छ ? विभिन्न संघ संस्थाहरूमा उनीहरूको आवद्धता के कस्तो रहेको छ ? धर्म, गोत्र र कुल देवता कुन मान्दछन ? उनीहरूका के- कस्ता प्रकारका सामाजिक संस्कारहरू रहेका छन् ? उनीहरूसँग सम्बन्धित

रोचक पक्षहरू के कस्ता छन्?आदि लगायतका पक्षहरूको बारेमा खोजिगर्नुपर्ने अहिलेको आवश्यकता देखिएको छ ।

## १.२ समस्याको कथन

वास्तवमा कुनै पनि वंशको सामाजिक, आर्थिक र साँस्कृतिक अध्ययन् एक यथार्थ इतिहास हो । मुलुक एवम् समाजको उन्नति प्रगति गर्नका लागि मानव समुदायले यसलाई प्रमुख स्रोतको रूपमा प्रयोग गर्न सक्दछन् । राष्ट्र निर्माणमा विविध वंश एवम् जातिको के कस्तो योगदान रहेको छ भन्ने बारेमा समय समयमा लेखाजोखा हुनु आवश्यक हुन्छ । नेपालका अन्य जाति र वंशको बारेमा विभिन्न अध्ययनहरू भएका छन् तर उनीहरूको आर्थिक पक्षको बारेमा आजसम्म बस्तुगत रूपमा हेर्ने परम्परा खासै नपाइएको, अझ भन्नु पर्दा भुसाल जातिको इतिहास समेत कही कतै उल्लेख नभएको तथा नदेखिएकोले भुसाल जातिको सामाजिक, साँस्कृतिक र आर्थिक इतिहासको अध्ययन एक प्रमुख समस्याको रूपमा रहन आएको छ। भुसालहरूले परम्परागत रूपमा अपनाउँदै आएको पेशाहरूमा पनि परिर्वतन आएको पाइन्छ। भुसाल वंशको पेशा परिर्वतन लगायत आर्थिक तथा सामाजिक पक्षको बारेमा हाल सम्म कुनै अध्ययन भएको पाईदैंन । भुसाल वंशसँग सम्बन्धित 'वशिष्ठ गोत्रीय भुसाल वंशदर्पण एवम् संक्षिप्त इतिहास' पुस्तक प्रथम पटक वशिष्ठ गोत्रीय भुसाल बन्धु समन्वय समिति ले वि.स २०६१ मा प्रकाशन गरेको छ। उक्त अध्ययनमा भुसाल वंशको उत्पत्ती, वसाँईसराई, सँस्कृति र रीतिरिवाज, परम्परागत पेशा व्यवसाय, आएको चाडपर्व आदि लगायतका बिषयमा अध्ययन भएको पाईएको छ। तर उक्त अनुसन्धानमा शोधपत्र सँग सम्बन्धित पेशा परिर्वतनको कुनै अध्ययन खोज भएको पाईदैन। तर सो सम्बन्धमा कुनै पनि प्रकारको अध्ययन अनुसन्धान भएको पाईदैन। यो शोधपत्र भुसाल जातिका आगामी पूस्ताहरूको लागि एक ऐतिहासिक दस्तावेज बन्न सक्ने छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य फलेवास नगरपालिका वडा नं. ३, पोखराचौरमा बसोबास गर्ने भुसाल जातिको सामाजिक, साँस्कृतिक, आर्थिक अवस्थाको साथसाथै उनीहरूले परम्परागत रूपमा अँगाल्दै आईरहेको पेशा व्यवसायमा आएको परिवर्तनको वारेमा हुनेछ। तथापी यो अध्ययनकाउद्देश्यहरू निम्नानुसार हुनेछन ।

१. भुसाल वंशको सामाजिक- सांस्कृतिक तथा आर्थिक पक्षहरूको विश्लेषण गर्नु ।

२.भुसाल जातिको पेशा तथा व्यवसायमा आएको परिर्वतनको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

यो अध्ययन पोखराचौरमा बसोबास गर्ने भुसालह माथी गरीएको पहिलो मानवशास्त्रीय अध्ययन हो । यस कारण पनि यो अध्ययन महत्वपूर्ण छ । यस सँगै नेपालमा भुसाल जातिको उद्‌गम र विकासक्रम के कसरी र कहाँबाट भएको हो ? यसको बारेमा खोज गर्नु यस अध्ययनको मुख्य उदेश्य हो । साथै उक्त स्थानमा बसोबास गर्ने भुसाल वंशको सामाजिक- सांस्कृतिक तथा आर्थिक पक्षहरूको विश्लेषण र पेशा तथा व्यवसायमा आएको परिर्वतनको विश्लेषणमा अध्ययनले जोड दिएको छ ।

यो अध्ययनभुसाल जाति र उनीहरू सँग सम्बन्धित उद्‌गत, विकासक्रम, ईतिहास, सँस्कृति, पेशा व्यवसाय लगायतका समग्र पक्षको बारेमा वर्तमान र भविष्यका पुस्ताहरू समक्ष महत्वपुर्ण दस्ताको रूपमा सावित हुने छ। अध्ययन भुसाल जाति माथि मानवशास्त्रीय दृष्टिकोणबाट गरिएको पहिलो खोज अनुसन्धान भएकोले यसले भुसाल जातिहरूको समग्र पक्षको अध्ययनमा जोड दिएको छ। यो अध्ययनले भुसाल जातिहरू माथि विभिन्न खोज गर्नको लागि मार्गदर्शन गर्न सहयोग गर्ने छ ।

## १.५ अध्ययनको सिमा

यो अध्ययन मानविकी तथा सामाजिक संकाय अर्न्तगत मानवशास्त्र बिषयको स्नातोकोत्तर तहमा रहेर शोध तयार गरिएको हो । अध्ययन मूलत : भुसाल वंशको उत्पत्ति, विकासक्रम र आर्थिक अवस्थासँग सम्बन्धित रहेको छ। क्षेत्रगत अध्ययनका आधारमा उपलब्ध भएका संग्रहित, लिखित, अलिखित एवम् मौखिक स्रोत - सामग्रीहरूलाई तथ्याङ्कको मुख्य स्रोत मानिएको छ र भुसालहरूको आर्थिक इतिहासको संक्षिप्त रूपमा विवेचना गरिएको छ। शंकरपोखरीमा बसोबास गर्ने भुसाल वंशको ईतिहास र आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थासँग यो अध्ययन मुख्य रूपमा केन्द्रित भए तापनि सारमा संम्भव भएसम्मका भुसाल र उनीहरूका शाखा सन्ततिहको समग्र विवरण उल्लेख गर्ने प्रयास गरीने छ। मुलतः प्रस्तुत अध्ययन कार्य अर्न्तगत नेपालका सम्भव भएसम्मको भुसालहरूको वंश परम्परा तथा पोखराचौरका भुसालहरूको समग्र आर्थिक, सामाजिक सांस्कृतिक अवस्थाको चित्रणमा यो अध्ययन केन्द्रित रहने छ। अध्ययन अर्न्तगत भुसालहरूको पेशा, व्यवसाय, वासस्थान, भौतिक सम्पत्ति र जिवनस्तरको समग्र अध्ययन गरिने छ। साथै यस अध्ययनमा एकातिर पोखराचौरका समग्र भुसालहरूको वंशावली कालक्रमिक रूपमा उल्लेख गरिने छ भने अर्कातिर नेपालमा विभिन्न स्थानहरूमा बसोबास

गर्ने भुसाल वंशको प्राप्त भएका जानकारीको आधारमा संभव भए सम्मको वंशावली समेत उल्लेख गरिने छ ।

यस अध्ययन फलेवास नगरपालिका वडा नं. ३, ( साविक शंकरपोखरी गा. वि.स) पोखराचौर र मल्याङ्दी खोला भन्ने गाँउमा वसोवास गर्ने भुसाल जातिमा मात्र सिमित रहने छ। यस अध्ययन नमुना सङ्कलन विधि भन्दा उक्त क्षेत्रको समग्र विधिलाई जोड दिइने छ। यस अध्ययनमा समग्र भुसाल जातिको वारेमा प्रतिनिधित्व गर्न सक्ने गरी जोड दिईने छ तर समय र आर्थिक पक्षले पनि यस अध्ययन लाई सिमित पारेको छ ।

## अध्याय : दुई
## साहित्य पुनरावलोकन

"भुसाल जातिको परम्परागत पेशामा आएको परिर्वतन" नामक शोधपत्र पर्वत जिल्लाको फलेवास नगरपालिका वडा नं. ३, पोखराचौरमा वसोबास गर्दै आईरहेका भुसाल जातिको मानवशास्त्रीय दृष्टिकोणबाट गरीएको अध्ययन हो। मुख्यतया भुसाल जातिको परम्परागत पेशामा आएको परिर्वतन र यसको प्रभाव साथै यसका अवसर र चुनौतिहरूको बारेमा अध्ययन केन्द्रित गरिएको छ। यस अध्ययनमा भुसाल जातिको उत्पत्ति, पोखराचौरमा उनीहरूको बसाँईसराई, उनीहरूको सामाजिक, साँस्कृतिक अवस्था र परम्परागत पेशाको बारेमा अध्ययनको प्रयास गरिएको छ। यस अध्ययनमा भुसाल जातिका विविध पक्षको अध्ययन सँगै भुसाल जातिले आफ्नो परम्परागत पेशा छाडी वैकल्पिक पेशामा संलग्न हुनुको कारण र संलग्न पेशाका चुनौतिहरूको बारेमा मानवशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरीएको छ। यस अध्ययनमा भुसाल जाति मानिसहरूले किन आफ्नो परम्परागत पेशा छाडी फरक पेशामा आवद्ध भएका छन् र फरक पेशामा आवद्ध हुन प्रेरित गर्ने तत्वहरूको बारेमा पनि विश्लेषण गरिएको छ। फरक पेशामा आवद्ध हुन प्रेरित गर्ने सामाजिक/आर्थिक त्तत्व र बाह्य त्तत्वहरूको बारेमा विश्लेषण गरिएको छ। यस सँगै फरक पेशा अवलम्बन गर्दाको चुनौतिहरूको बारेमा पनि मानवशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गरिएको छ। यस सँगै संस्कृति परिर्वतन र पेशा परिर्वतन सँग सम्बन्धित विभिन्न मानवशास्त्रीय सिद्धान्तहरूको समीक्षा र पुर्व साहित्यको पुनरावलोकन गरीएको छ।

### २.१ सैद्धान्तिक समालोचना :

परिर्वतनको संवाहक मानिस सँगै मानिसले अपानाउँदै आएको सँस्कृति पनि परिस्कृत र परिर्वतनशिल हुँदै आईरहेको छ। पेशा/ व्यवसाय जिविकोपार्जनको आधार हो। मानिसले कृषि, पशुपालन, उद्योग व्यापार, नोकरी, सेवामूलक कार्य, ज्यालादारी आदि पेशा अपनाएका हुन्छन्। समान्यतया पेशा वा व्यवसायलाई समतलिय अवधारणका रूपमा लिने गरिन्छ। समुदायले आफ्नो परिवेश र दृष्टिकोण अनुसार कुनै पेशालाई राम्रो र कुनै पेशालाई तुच्छ ठान्ने गरेको हुन्छ। यस्तो दृष्टिकोण समाज र समयसापेक्ष हुन्छ।

आधुनिकीकरणले उत्पादन प्रणालीमा सरल ग्रामीणमुखीबाट आधुनिक प्रविधि युक्त बनाउँदै जान्छ। पेशाहरू पनि परम्परागत पेसाको ठाउँमा आधुनिक र विशिष्टीकरण हुँदै जान्छन्। सामाजिक चालचलन, रीतिरिवाज, धार्मिक कुराहरूमा परिर्वतन हुँदै आधुनिकतातर्फ लम्कि रहन्छ। पुरातन परम्परागत ग्रामीण समाज आधुनिक प्रविधियुक्त सहरी समाजतर्फ लम्कन्छ। आधुनिक कुराहरूले परम्परागत पेशा, रीतिरिवाज संस्कारलाई विस्थापन गर्दछ। आर्थिक, सामाजिक व्यवस्था, आधुनिकतातिर लम्किरहन्छ। पुरातन परम्परागत ग्रामीण समाज आधुनिक प्रविधियुक्त समाजतर्फ लम्कन्छ। आधुनिकीकरण कुनै पनि कुराहरूलाई नवीकरण गर्दै विकास एवम्, सामाजिक, आर्थिक विकास साग सम्बन्धीत हुन्छ (रिट्जर, १९९६)।

पेशा वा व्यवसाय त्यस सँग सम्बन्धित ज्ञान र लक्षित वर्गमा आधारीत हुन्छ। केही समय अगाडी खाद्यसँग मात्र सम्बन्ध राख्ने र तर व्यवसाय कम सम्बन्ध राख्ने परिवेश बिद्यमान रहेको थियो। बिगतमा केही पेशा वा व्यवसाय समुदायका निश्चित सदस्यहरूले मात्र अपनाउने गर्दथे। त्यसै गरी व्यवसायका अर्को धार संस्थागत रहेको हुन्छ, जुन संगठीत हुन्छ। यस्ता व्यवसायहरू समुदायका पेशा वा व्यवसायलाई त्यस वरिपरिको वातावरण, संगठन, प्रविधि र जनसङ्ख्याले पनि प्रभाव पारेको हुन्छ। परिवर्तित समय अनुसार मानिसले अपनाउँदै आएको पेशामा पनि परिर्वतन हुन्छ। यसरी परिवर्तित पेशाहरू संस्थागत हुन पुग्द्छन, जसलाई पेशा वा व्यवसायको संरचनाले सहयोग गर्दछ। यसरी पेशा वा व्यवसायमा आएको परिर्वतनले सञ्चालकहरूको हित र सहजतालाई बढी जोड दिएको हुन्छ। यसरी पेशामा आउने परिर्वतनलाई गहन रूपमा अध्ययन गर्न जरुरी छ, जसको अध्ययन बाट यसखालको परिर्वतन किन? कसरी? र परिर्वतनको संवाहक को भन्ने प्रश्नको उत्तर आउन सकोस। यसको सँगै कसरी समाजमा आर्थिक परिर्वतन आउन सक्छ भन्ने भन्ने प्रश्नको उत्तर पनि आउन सक्छ (अवोट १९८९, ३२२)। कुनै पनि ठाउँको प्राकृतिक हावापानी, भौगोलिक स्थिति र परिवेश जस्तो छ त्यसै खालको पेशा वा व्यवसाय त्यस स्थानको मानिसले अवलम्बन गरेको हुन्छन्।

वातावरणीय समंभाव्यवादको अवधारणा अनुरूप वातावरणले सँस्कृतिलाई पुर्ण रूपमा निर्धारण नगरेर केबल प्रभाव मात्र पार्न सक्ने कुरा उल्लेख गरेको छ। कुनै पनि कृषियोग्य जमिनमा वातावरणले मानिसहरूलाई खेति गर्न उत्प्रेरित गर्न सक्दछ तर बाध्य भने गराउन सक्दैन। वातावरणले सँस्कृतिका विभिन्न पक्षमाथि प्रभाव पारेको हुन्छ,

त्यसकारण वातावरणले मानिसले अपनाउने पेशालाई निर्धारण गर्नमा सहयोग गर्दछ । चिसो वातावरणमा बस्नेले बाक्लो कपडा लगाउनु पर्छ, समुन्द्रको छेउमा बस्नेले माछा मार्न सक्द्छन, उच्च हिमाली क्षेत्रका बासिन्दाले खेतिपाति गर्न कठिनाई पर्ने तर्क गरिन्छ ।

पेशागत मानवशास्त्रमा रहेर विभिन्न कृति तथा लेखहरूमा व्याख्या गरिएको पाइन्छ । आर्थिक समाजबाद भनेको मानिसले सञ्चालन गर्ने आर्थिक गतिविधिमा प्रयोग गरिएको सिद्धान्त हो, तर कुन हद सम्म प्रयोग हुन्छ भन्ने अर्को पाटो हुन सक्छ । प्रागऔद्योगिक समाजमा सभ्यता र आर्थिक प्रगति कम थियो । औद्योगिक समाजको दाँजोमा त्यस समाजमा सन्तोष, सुख र आनन्द बढी थियो । त्यति वेला सबैजसो परिवार आत्मनिर्भर थियो । जनसङ्ख्या वृद्धि पछि मानिसका आवश्यकता र चाहानाहरू बढ्दै गए र ती आवश्यकताहरू पुरा गर्नका लागि विशिष्ट कार्यमा दक्षता प्राप्त गर्ने प्रयत्न हुन थाल्यो । जसले गर्दा पेशामा विविधता आउनुका साथै श्रमको विभाजन हुँदै आयो (इमाइल दुर्खिम, १९८३) ।

मानिस र वातावरणका बिचमा खासखालको सम्बन्ध हुने गर्दछ जसले गर्दा साँस्कतिक विविधताको साथै पेशा वा व्यवसायगत विविधताहरू पनि देखिन्छ । आफ्नो स्थानमा बिद्यमान वातावरण अनुसार मानिसले सोही अनुसारका पेशा वा व्यवसाय सञ्चालन गरी आँफुलाई अनुकुलन गरेको पाइन्छ । मानिसले आफ्नो जिविकोपार्जनको लागि आवश्यक सम्पुर्ण कुराहरू वातावरण प्राप्त गरेको हुन्छ, तर यसको प्रयोग फरक-फरक स्वरूपमा भएको हुन्छ । यसको साथै मानिसले प्राचिन सयम देखी अपनाउँदै आएको परम्पराले समेत प्रभाव पार्दछ ।

## २.२ पुर्व साहित्यको पुनरावलोकन :

कुनै पनि अध्ययन् वा अनुसन्धान कार्यको लागि छनौट गरिएका सन्दर्भ सामाग्रीहरूको अध्ययन् र समिक्षा अत्यन्तै महत्वपुर्ण मानिन्छ । यस्ता साामग्रीहरूको अध्ययन्, व्याख्या र विश्लेषण मार्फत अनुसन्धानको परिणाम र निष्कर्षलाई विश्वसनिय र सार्थक बनाउन सहयोग गर्दछ ।

क्यापलन (१९७०) ले पूर्वी नेपालका लिम्बु जाति र अरु हिन्दु जाति बिचको सम्बन्धको बारेमा उल्लेख गरेका छन् । यस अध्ययनमा क्यापलनले लिम्बु जातिमा रहेको किपट भूमिका बारेमा पनि उल्लेख गरेका छन् । सरकारी निति, नियमले गर्दा लिम्बुहरूको

क्षेत्रमा जब ब्राह्मण, क्षत्रीहरूले आफ्नो बसोबास विस्तार गरे त्यसपछि लिम्बुहरूको आफ्नो किपट भूमि पनि यिनिहरूबाट खोसियो अथवा रैकर गरिसकेपछि कतिपय लिम्बुहरू भूमिहिन अवस्थाका बारेमा उल्लेख गरेका छन् ।

David H . Holmberg ( सन् १९७७ ) ले नेपालका तामाङ जातिको बारेमा संस्कार, परम्परागत मान्यता, विनिमय प्रणाली, खानपान पक्रिया तथा अर्थ व्यवस्थाको बारेमा अध्ययन गरीएको छ । सामाजिक ब साँस्कृतिक अन्तरविरोधको बुझाईले समग्र समाजको बुझाइलाई स्पष्ट पार्न सक्ने कुरा स्थापिनत गर्न खोजीएको छ । लामाले अहिंसाको मूल्यलाई अँगाल्ने भनिए पनि बलि दिने अभ्यास वास्तवमा चुनौतिपूर्ण रहेको पाइन्छ ।

शर्मा (२०६८) ले बाग्लुङ जिल्लाको विनामारे गा.वि.स मा सार्की जातिको परम्परागत पेशाको परिर्वतनले सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभावको अध्ययनमा परम्परागत पेसामा संलग्न अथवा हली पेशामा आवद्ध सार्की जातिहरू आफ्नो पेसा छाडी प्राय सबै अरबी मुलुकमा काम गर्न गएको र पेशामा आएको परिर्वतनले सामाजिक, सांस्कृतिक अवस्थामा प्रभाव आईरहेको छ भन्ने उल्लेख गरेको छन् ।

लामिछाने (२०६९) ले लेखनाथका गन्र्धव जातिको परम्परागत पेशामा परिर्वतको अध्ययनमा गीत गाएर, सारङ्गी बजाएर र बिक्रि गरेर आफ्नो जीवन गुजारा गरेको गन्र्धवहरूले वर्तमानमा यस्तो पेसाबाट जीवन चल्न कठिनाई भएको र सामाजिक मर्यादामा पनि कमी भएकोले यो छाडेर स्वदेशी सेवा तथा निजी क्षेत्रमा रोजगारी, व्यापार र वैदेशीक रोजगारी जस्ता आधुनिक पेशा अँगाल्न बाध्य भएको पाइन्छ ।

Sherry B . Ortner ( सन् १९८७ ) ले नेपालको सोलुखुम्बु क्षेत्रको सेर्पाहरूको जाति, भाषा,संस्कृति र संस्कार सँग सम्बन्धित रहेर अध्ययन गरेकी छन् । उत्त अध्ययनमा सेर्पा समुदायमा रहेका विभिन्न संस्कारले सेर्वाहरूलाई वास्तविक एवं यर्थाथ जीवनको यात्रामा अगाडी बढ्न खेलेको भूमिकालाई यहाँ उल्लेख गरिएको छ। तथापि यो कृतिले सेर्पा समुदायको भौतिक जीवन, अर्थतन्त्र वातावरणीय परिर्वतनको विस्तृत व्याख्या गर्न नसकेको मानिन्छ ।

Augusta Molnar ल धौलागिरि र डोल्पा क्षेत्रको पहाडी भेगहरूमा बसोबास गर्दै आएका खाम भाषा बोल्ने मगर जातिको आर्थिक रणनितिको बरेमा अध्ययन गरेकी छन् । खाम मगरको आर्थिक रणनितिलाई बुझ्ने सिलसिलामा विभिन्न कारक तत्वहरू जस्तै, चरिचन गर्ने जमिनको पहुँच, व्यापारको अवसर र बजारको विकल्प, मौसमी श्रमिकको

आवश्यकता सँगै समग्र संगठानात्मक, साँस्कृतिक र धार्मिक नियन्त्रणको बारेमा अध्ययन गरेकी छन् । कतिपय समुदायहरू बाहिरबाट हेर्दा एकै किसिमको देखितापनि उनीहरूले फरक फरक आर्थिक रणनितिहरू अपनाएको पाइन्छ र कतिपय अवस्थामा समान र फरक अवरोधहरू पनि देखिन्छन् ।

कुनै पनि वंश वा जातजातिको उत्पत्ति, क्रमिक विकास र आर्थिक इतिहासको अध्ययन गर्न एतिहासिक अध्ययन विधिले निकै महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस विधिको सुरुवात उन्नाइसौं शताव्दीमा जर्मनीबाट भएको देखिन्छ ( थापा, तिमिल्सिना र दाहाल, २०५४: ७ ) । इतिहासले स्थान र समयका आधारमा मानव समाजको समग्र पक्षको विकासको अध्ययन गर्दछ भने आर्थिक इतिहासले आर्थिक पक्षको मात्र अध्ययन गर्दछ । नेपालमा कुनै पनि वंशको आर्थिक इतिहास वस्तुगत रूपमा लेखिएको प्रायः देखिदैनन् । भुसाल वंशको उत्पत्ति र विकासक्रम सम्बन्धी लिखित इतिहास नभएको अवस्थामा ऐतिहासिक अध्ययन विधिको पूर्ण रूपमा लागु गरी अध्ययन गर्ने कार्य सम्भव नभए पनि अध्ययनको आधार यसै विधिलाई मानिएको छ ।

यसरी नेपालमा केही जाति तथा जनजातिहरूको आर्थिक तथा परम्परागत पेसामा आएको परिवर्तनको पक्षलाई केन्द्रित केही अध्ययनहरू भएको पाइन्छ, यद्यपी भुसाल वंशको पेशा परिर्वतन लगायत आर्थिक तथा सामाजिक पक्षको बारेमा हाल सम्म कुनै अध्ययन भएको पाईदैंन । भुसाल वंशसँग सम्बन्धित 'वशिष्ठ गोत्रीय भुसाल वंशदर्पण एवम् संक्षिप्त इतिहास' पुस्तक प्रथम पटक वशिष्ठ गोत्रीय भुसाल बन्धु समन्वय समिति ले वि.स २०६१ मा प्रकाशन गरेको छ । उक्त अध्ययनमा भुसाल वंशको उत्पत्ती, वसाँईसराई, सँस्कृति र रीतिरिवाज, परम्परागत पेशा व्यवसाय, आएको चाडपर्व आदि लगायतका बिषयमा अध्ययन भएको पाईएको छ । तर उक्त अनुसन्धानमा शोधपत्र सँग सम्बन्धित पेशा परिर्वतनको कुनै अध्ययन खोज भएको पाईदैन ।

## अध्याय : तीन

## अनुसन्धान पद्धति

अनुसन्धान आफैँमा एक जटिल प्रकृया भएकोले यसमा समस्या पहिचान देखी निष्कर्ष सम्म पुग्न विभिनन पद्धतिहरू अवलम्बन गर्न सकिन्छ। यस अध्ययनलाई वास्तविक र तथ्यपरक बनाउनको लागि विभिनन अनुसन्धानको पद्धति र विधिहरूको प्रयोग गरिन्छ। सामान्यतया अन्तर्वाता, अनुसन्धानबाट संकलित तथ्याङ्कहरूलाई गहिरो रूपमा विश्लेषण गरीएको छ।

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य :

स्रोत सामाग्रीहरू सङ्कलन गर्ने क्रममा संरचनात्मक, अर्ध संरचनात्मक र संरचना बिहिन प्रशनावली तयार गरी भुसाल वंशको बसोबास रहेको स्थान मुलत : धवलागिरि अञ्चलको पर्वत जिल्ला, फलेवास नगरपालिका वडा नं. ३, ( साविक शंकरपोखरी गा. वि.स) पोखराचौर र मल्याङ्दी खोला भन्ने स्थानमा गई तथ्याङक सङ्कलन गरिने छ। त्यस सँगै पर्वत जिल्लाको सिर्सुवा, फलेबास, खल्डाँडा, बिरौटा, सराङ्गदी, छाम्मी, घैयार र शिरुवारी जस्ता ठाउँमा गएर विभिन्न प्रकारका तथ्यांक सङ्कलन गरिने छ। साथै अन्य वंशका व्यक्तिहरू सँग समेत परामर्श र छलफल गरिएको छ। सुचनाहरू सङ्कलन गर्दा संस्थागत दस्ताबेज, सामूहिक एवम् व्यक्तिगत अन्तर्वार्ता आदिलाई मुख्य आधार बनाईएको छ।

भुसाल वंशसँग सम्बन्धित 'वशिष्ठ गोत्रीय भुसाल वंशदर्पण एवम् संक्षिप्त इतिहास' पुस्तक प्रथम पटक वशिष्ठ गोत्रीय भुसाल बन्धु समन्वय समिति ले वि.स २०६१ मा प्रकाशन गरेको छ। उक्त अध्ययनमा भुसाल वंशको उत्पत्ती, वसाँईसराई, सँस्कृति र रीतिरिवाज, परम्परागत पेशा व्यवसाय, आएको चाडपर्व आदि लगायतका बिषयमा अध्ययन भएको पाईएको छ। तर उक्त अनुसन्धानमा शोधपत्र सँग सम्बन्धित पेशा परिर्वतनको कुनै अध्ययन खोज भएको पाईदैन। त्यसैले पोखराचौरलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ।

### ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनले भुसाल वंशको वास्तविक तथ्य र उनीहरूले अपनाउँदै आएको परम्परागत पेशमा आएको परिर्वतनलाई गहन रूपमा अध्ययन् गरी वाहिर ल्याउन सक्ने

भएको कारण यस अध्ययनको प्रकृति अन्वेषणात्मक र विवरणात्मक हुनेछ। यो अध्ययन वंश बिशेषको पेशागत अवस्थामा आएको परिर्वतनमा केन्द्रित रहको छ। समग्र रूपमा भुसाल वंशको आर्थिक, सामाजिक, साँस्कृतिक अवस्थाको साथसाथै उनीहरूको पेशा व्यवसायमा आएको परिर्वतन लगायत अन्य विविध पक्षको अध्ययन मानवशास्त्रीय दृष्टिकोणबाट गरिएको छ। यसको साथै भुसाल वंशको जातिय, साँस्कृतिक पहिचान, संरक्षण र पेशा परिर्वतनको अवस्था र कारण बारेमा जानकारी लिन पनि यस अध्ययनले जोड दिएको छ।

### ३.३ समग्र तथा नमुना

यो अध्ययन धवलागिरि अञ्चलको पर्वत जिल्ला, फलेवास नगरपालिका वडा नं. ३, ( साविक शंकरपोखरी गा. वि.स) पोखराचौरमा बसोबास गर्ने भुसाल वंशको बारेमा हो। ७५ घरधुरी नै अध्ययनको एकाई बनाईएको हो। उक्त अध्यय्न मा भुसालहरूको पेशा वा व्यवसायमा आएको परिर्वतनका बारेमा जनगणना विधि मार्फत बिस्तृत अध्ययन गरीएको छ।

### ३.४ तथ्याङ्कको प्रकृति र श्रोतहरू

यस अध्ययनमा प्राथमिक तथ्याङ्कलाई वढी जोड दिईएको छ र द्बितिय तथ्याङ्कलाई अध्ययनको सहायकको रूपमा लिइएको छ। प्राथमिक तथ्याङ्क स्थलगत अध्ययनवाट सङ्कलन गरीएको छ भने भन् द्बितिय तथ्याङ्क वडा, नगपालिका, नेपाल सरकारबाट जारी प्रतिवेदन वा दस्तावेजहरू, विभिन्न गैह्रसरकारी संस्थाहरूवाट प्राप्त सूचना, अभिलेख, प्रकाशित तथा अप्रकाशित पुस्तक, शोधपत्र, कार्यपत्र, लेखरचना, इन्टरनेट वेभसाइट आदि श्रोतहरूबाट सङ्कलन गरिएको छ। तर हाल सम्म पर्वतको पोखराचौरमा बसोबास गर्ने भुसाल वंशको सामाजिक, आर्थिक लगायतको अन्यक्षेत्रको बारेमा सम्म कुनै अध्ययन अनुसन्धान नभएकोले प्राथमिक तथ्याङ्कको सङ्कलन नै अध्यय्नको लागि आवश्यक पर्ने तथ्याङ्कको मुख्य स्रोत हो। भुसाल जातिहरूको बारेमा गहिरो रूपमा अध्ययन गर्नको लागि केही बिज्ञहरू तथा जानकारहरू सँग पनि परामर्श लिईएको छ। तथ्याङ्कहरू सङ्ख्यात्मक र गुणात्मक दुवै प्रकृतिका हुनेछन्।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

अनुसन्धान आँफैमा संवेदनशील कार्य हो, जसमा तथ्य महत्वपुर्ण जानकारीका रूपमा प्रयोग गरिन्छ। तथ्याङ्क सङ्कलन अध्ययनको मेरुदण्ड भएकोले अध्ययनलाई वास्तविक, यर्थाथपरक बनाउनको लागीतथ्याङ्कक सङ्कलनका विभिन्न विधिहरूको प्रयोग गरिन्छ। यस शोधपत्रको लागि आवश्यक तथ्याङ्क सङ्कलनको लागि निम्न विधी र तरिकाहरू अपनाईएको छ।

#### क.अवलोकन

स्थलगत अवलोकन प्रारम्भिक अध्ययन र आधार तयार पार्नका लागि महत्पुर्ण औजारका रूपमा प्रयोग गरीएको छ। अध्ययनको उदेश्य परिपुर्ति गर्नका लागि प्रस्तावित क्षेत्रका घरको बनावट, पहिरन, खानपान, विभिन्न साँस्कृतिक मूल्य मान्यताहरू, परम्परागत पेशा अवलम्बनको अवस्था लगायतका बारेमा अवलोकन गरि आवश्यक सूचना तथ्यहरू सङ्कलन गरीएको छ।

#### ख. अन्तर्वार्ता सुची

सामाजिक अनुसन्धानमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने विभिन्न विधिहरू मध्ये अन्तर्वाता पनि एक प्रमुख विधि हो। यो एउटा एका आपसमा छलफल गर्ने विधि पनि हो। भुसाल जातिको परम्परागत पेशा अवलम्वनको अवस्था, जिविकोपार्जनमा सहयोग साथै परिवर्तित पेशाको अवस्था बारे स्थानीय दृष्टिकोण समेट्ने उदेश्यले यस अध्ययनमा अन्तरवार्ता विधिको प्रयोग गरिएको छ। जसको लागि घरको घरमुलीलाई मुख्य सूचनादाताको रूपमा लिईने छ। यसको लागि मिश्रित प्रश्नावलि तयार पारी स्वंयम अध्ययनकर्ता मार्फत सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरीने छ। साथै थप जिज्ञासको जवाफ प्राप्त गर्न लक्षित क्षेत्रका शिक्षित वर्ग, स्थानिय वुद्धिजीवि, स्थानिय शिक्षक साथै अध्ययनको बिषयसँग जानकार राख्ने व्यक्तिहरू सँग संरचित अन्तर्वार्ता गरी सूचना सङ्कलन गरिएको छ।

#### ग. मुख्य जानकारसँगको अन्तर्वार्ता :

अध्ययनको लागि थप जानकारीहरू प्राप्त गर्न तथा अझ महत्पुर्ण गुणात्मक जानकारी सङ्कलनका लागि विभिन्न सरोकारवालाहरू सँग अन्तर्वार्ता गरिने छ। जसबाट गुणात्मक जानकारी संयोजन गर्न सहयोग पुगेको छ।

## ३.६ तथ्याङ्क विश्लेषण

तथ्याङ्कहरूलाई स्तर प्रदान गर्नु वा तह-तहमा विभक्त गर्नु, तथ्याङ्क विशेषको स्थान निश्चित गरिदिनु, औचित्यको आधारमा तिनिहरूको क्रममा हेरफेर गर्नु र समग्र तथ्याङ्कलाई संक्षेपमा प्रस्तुत गर्नु नै तथ्याङ्कको विश्लेषण गर्नु हो ।

सामाजिक, समाजशास्त्रीय र मानवशास्त्रीय अनुसन्धानमा विभिनन क्षेत्रबाट संकलित तथ्याङ्कहरू एकै प्रकारका हुँदैनन् । तथ्याङ्कहरूको सहि बिश्लेषणबाट मात्र अर्थपूर्ण नतिजा प्राप्त गर्न सकिन्छ । संकलित तथ्याङ्कहरूलाई अर्थप्रद बनाउन तिनिहरूको सावधानीपुर्वक सम्पादन, परीक्षण, संकेतिकरण, वर्गीकरण र प्रस्तुतीकरण गरिने छ । यस अध्ययनमा विभिन्न विधिबाट सङ्कलन गरिएका सङ्ख्यात्मक र गुणात्मक दुवै तथ्याङ्कहरूलाई सम्पादन, तालिकीकरण र विश्लेषण गरी उपयुक्त संरचनामा प्रस्तुत गरिएको छ । सङ्ख्यात्मक तथ्याङ्कहरूलाई कम्पयुटर र क्यालकुलेटरको प्रयोग गरी पाइचार्ट, MS Word र MS Word तथा तालिका लगायतका माध्यमबाट प्रस्तुत गरिएको छ । मानिसका सामाजिक समस्या, संस्कृति, परम्परा, चालचलन आदिको अध्ययनबाट गुणात्मक प्रकृतिको सूचना प्राप्त हुने भएकोले यसरी प्राप्त तथ्याङ्कहरूलाई गहन रूपमा बिश्लेषण गरी व्याख्यात्मक शैलिमा प्रस्तुत गरीने छ । तथ्य विश्लेषणको बारेमा जानकार तथा सरोकारवालाको परामर्श, सुझाव र सहयोगमा तयार पारिएको छ ।

## ३.७ कृतिको अध्याय संरचना

प्रस्तुत गर्न लागीएको शोधपत्र ८ वटा अध्यायमा रहेको छ । यसको प्रथम अध्यायमा परिचय, दोश्रो अध्यायमा साहित्य पुनरावलोकन र तेस्रो अध्यायमा अनुसन्धान पद्धतिको बारेमा प्रस्तुत गरिने छ । चौथो अध्यायमा नेपालमा भुसाल वंशको उद्गम र विकास उल्लेख गरिने छ । यसमा नेपालका विविध जातिहरू, पर्वतको पोखराचौरमा भुसालको आगमन, भुसाल वंश सम्बन्धित जनश्रुतिहरू, भुसालको वासस्थान, भुसालहरूको सङ्ख्यात्मक आँकडा र भुसालको थर तथा परिर्वतन आदि समावेश हुनेछन् । त्यसै गरी अध्याय पाँचमा पोखराचौरमा भुसाल जातिकोको सामाजिक तथा साँस्कृतिक अवस्थालाई उल्लेख गरिने छ । यस अर्न्तगत शैक्षिक अवस्था, अन्य जाति संगको सम्बन्ध, विभिन्न सामाजिक संस्थाहरूमा आवद्धता साथै साँस्कृतिक पक्षहरू, धर्म गोत्र एवं कुलको बारेमा

अध्ययन गरीने छ। अध्याय छ मा उनीहरूको परम्परागत पेशागत अवस्थाको बारेमा अध्ययन गरिने छ। जस अर्न्तगतउनीहरूले अपनाउँदै आएको पेशा, व्यवसाय, कृषि, व्यापार- व्यवसाय, उद्यम/शिल्प, रोजगरी (सरकारी, गैह्रसरकारी एवम् वैदेशीक ) आदि पेशा व्यवसायमा भुसालको संलग्नता, त्यसमा आएको परिर्वतन, संभावना र चुनौति, भुसालको जीवनस्तर, भौतिक सम्पत्ति, बसाँईसराईको अवस्था आदि समावेश गरिने छ। अध्याय सातमा भुसालजातिको परम्परागत पेशामा परिर्वतन, चुनौति र समस्याको बरेमा जानकारी प्रदान गरिने छ। शोधपत्रको अध्ययाय आठमा मा अध्यनबाट प्राप्त हुन आएका सारंश, प्राप्ति र निष्कर्ष प्रस्तुत गरिएको छ। शोधपत्रको अन्तयमा अध्ययनको लागि प्रयोग गरिएको प्रश्नावलीहरू, अनुसूची तथा सन्दर्भसामाग्री सूचीहरू समावेश गरिएको छ।

## अध्याय : चार
## अध्ययन क्षेत्रको विवरण

नेपाल बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक समाज विधितायुक्त राज्य हो। यी जीवनशैलीहरूको बीचमा ऐतिहासिक कालदेखी नै निरन्तर अन्तरक्रिया, अन्तरनिर्भरता, सम्पर्क, अन्तरसम्बन्ध, मिश्रण, द्वन्द, एकीकरण, सम्मिलन, विलिनता जस्तो अन्तरसम्बन्ध र अन्तरक्रिया रहँदै आएको छ। नेपाली समाज र सँस्कृतिको इतिहास भनेको बाहिरबाट स्थानान्तरण वा बसाई -सराँई भई आएको विविध मानव समूह र सँस्कृतिको इतिहास हो। त्यसैले नेपाली समाज र सँस्कृतिलाई बुझ्नको लागि स्थानान्तरण वा बसाई -सराँई, प्रसारण, प्रसारण, एकरूपता, बहुरूपता, साँस्कृतिक समानता, भिन्नता, सम्पर्क, अन्तरक्रिया, एकीकरण, भिन्निकरण, सम्मिलन, परिर्वतन, भाषिक, धार्मिक विविधता, सहिष्णुता, द्वन्द, अन्तरविरोध एवं झगडा, सहयोग आदि जस्ता विशिष्ट प्रक्रियाहरू मथि ध्यान दिनुपर्दछ। नेपालमा परापुर्वकाल देखी नै विविध जातजाति, भाषाभाषीहरूको बसोबास रहँदै आएको छ। नेपालको अलग -अलग प्रकारको भौगोलिक अवस्थितिमा जनजातिय स्थिति पनि फरक- फरक छ। यि जातजातिहरूको आ-आफ्नै रीतिरिवाज र परम्पराहरू छन्। जन्म र मृत्युका आ-आफ्नै संस्कारहरू छन्। आ-आफ्नै भाषा र रहनसहन छन्। आ-आफ्नै प्रथा र लोकरीतिहरू छन्। बसोबासका आ-आफ्नै ढाँचा र मनोरञ्जनका आ-आफ्नै तरिकाहरू छन्। नेपाली समाजको यो साँस्कृतिक विविधताले यसको निकट रहन पुगेको जो कोहीलाई पनि आकृष्ट गर्दै आएको छ।

### ४.१ नेपालमा विविध जातिहरू

नेपाली भाषामा प्रयोग हुँदै आएको जाति शब्द अंग्रेजी भाषको Caste शब्दको रूपान्तरण हो। अंग्रजी शब्द Casteस्पेनिस भाषाकोCastaबाट बनेको देखिन्छ। स्पेनिस भाषको शब्दले 'प्रजाति वा आनुवंशिक तत्व वा गुणहरूको सङ्कलन' भन्ने अर्थ प्रदान गर्दछ।

जाति शब्दले राष्ट्रियता र भौगोलिक सीमाका आधारमा छुट्टिने मनुष्य जातिको विभागलाई बुझाउँछ। हिन्दु समाजमा वंश परम्परा, संस्कार, धर्मकर्म आदिका आधारमा छुट्टिने बाहुन, क्षेत्री आदि जातलाई जनाउन जाति शब्दको प्रयोग हुन्छ। अंग्रजीको Caste

शब्दको उत्पत्ति स्पेनिस भाषाको Castaबाट भए पनि यो शब्द हिन्दु धर्म र संस्कृतिको अभिन्न अंग हो। समाजशास्त्र र मानवशास्त्रको क्षेत्रमा जात वा जाति शब्द विशिष्ट अर्थमा प्रयोग हुन्छ। यहाँ जाति शब्दले वंश परम्परा, धर्म, गुण, आकृति, बासस्थान, आदिका आधारमा विभाजित मनुष्यको जाति वा वर्ग भन्ने जनाउने गर्दछ। जाति सामाजिक अवधारण हो। जात हिन्दु धर्म दर्शनको वर्ण व्यवस्थामा आधारित सामाजिक स्तरीकरणको एक स्वरूप हो। जात एक सामाजिक अवधारण हो, यसको निर्धारण जन्मसँगै हुन्छ। जात मानिसहरूको यस्तो समूह हो, जसको आफ्नो छुट्टै नाम हुन्छ, जो आफ्नै परम्परागत पेशा अपनाउँछ र आफ्नो समूहको उत्पत्तिको बारेमा अलग धारणा राख्दछ। वस्तुतः जात यस्तो मानव समूह हो, जो आफ्नो सदस्यहरूको विवाह आफ्नो समूहभित्रै होस भन्ने गर्दछ, जो आफ्नो सदस्यलाई अन्य सदस्यहरूसित बस्न- खान प्रतिबन्ध लगाउँछ र समाजका समूहहरूको तहगत विभाजनमा आँफूलाई कि त उच्च तहको ठान्छ, कि त निम्न तहको। वास्तवमा जात हिन्दु धर्म दर्शनको वर्ण व्यवस्थामा आधारित स्तरीकरण वा विभेदीकरणको सामाजिक प्रणाली हो।

## ४.२ नेपालमा भुसालको उद्गम र विकासक्रम

हालको पर्वत पोखराचौरमा बसोबास गर्ने वशिष्ठ गोत्रीय भुसालहरूको मूल पुरुष ( कम्दु पाध्या भट्टराई) भुसाल थिएनन्। वास्तविक भुसाल त धनञ्जय गोत्रका हुन् र तिनिहरूको मूलथलो अर्घाखाँची, गुल्मी र पाल्पा हो। बिक्रम सम्वत १९८० सालबाट तराईमा खुल्ला रूपमा बसाँईसराई गर्न सरकारी स्तरबाट प्रोत्साहन दिए पनि २०१६ सालतिरबाट मात्र भूषाहरू फाट-फूट रूपमा तराईमा बसाँई सरेको पाइन्छ। नेपाली युवकहरू ब्रिटिश सरकारका पालादेखी नै भारतमा गएर जिविकाको माध्यम अपनाई आफ्नो आफ्नो आर्थिक अवस्थामा सुधार गर्ने गर्दथे। त्यही क्रममा हाम्रा कयौँ भुसालहरूले भारतको कलकत्ता, आसाम, उडिसा, मद्रास जस्ता ठाउँहरूमा जिविकाको खोजीमा गएको पाइन्छ। त्यसै सिलसिलामा भुसालहरू 'बर्मा' (अहिलेको म्यान्मार) सम्म पुगेको पाइन्छ र कति फर्के भने कति बर्मामै हुन सक्ने अनुमान गरिएको छ। फलेबासबाट कालीगण्डकीको किनारै -किनार पाल्पा, अनि तिनाहु नदिको किनारै किनारा बटौली (हालको बुटवल) हुँदै भैरहवा नाकाबाट नौतुना भन्ने भारतीय बजारबाट भारत आउने र जाने गर्दथे। सोही क्रममा भैरहवाको समतल मैदान (हालको रूपन्देही जिल्ला) ले आकर्षित गर्न थाले पछि

वि.सं.२०१६ साल देखी भैरहवाको शेम्लाहार, योगीकुटी, जस्ता ठाउँमा जग्गा किनी बसोबास गरेको पाइन्छ। यसरी बसाँई सर्ने भाईहरूमा पोखराचौर, खरबारी, आँगाखेत, पँधेरापारी आदिका भुसालहरू हुन। यसरी पहाडी क्षेत्रको पोखराचौर, फलेबास, शीरसुवा जस्ता भुसालका गढ मानिने गाउँबाट सुख र समृद्धिको लागि तराईमा बसाँई सर्ने क्रम वि.सं.२०५० सालसम्म तिब्र रूपले रह्यो भने वि.सं.२०५० साल देखी हाल बसाँई सराई कम हुँदै गएको पाइन्छ।

### ४.२.१ पर्वत जिल्ला स्थित शंकरपोखरीमा बसोबास गर्ने भुसालहरू :

वशिष्ठ गोत्रीय भुसालहरूको मूल थलो धवलागिरी अंचलको, पर्वत जिल्ला स्थित हालको फलेवास नगरपालिका वडा नं. ३ शंकरपोखरी ( साविकको शंकरपोखरी गा.वि.स ) को पोखरा चौर हो। पोखराचौरमा पाँच - छ पुस्ता रहँदा जनसङ्ख्या वृद्धि ( वंश फैलावट) का कारण मल्याङ्दी खोला, सिर्सुवा, फलेवास, खल्डाँडा, बिरौटा, सराङ्गदी, छाम्मी, घैयार, सिरुवारी जस्ता वरपरका ठाउँमा फैलिएको पाइन्छ। उक्त स्थानहरूबाट बसोबास गरेका भुसाल वंशको पनि हाँगा फुट्दै जाँदा कोही भेडाबारी, तामुकोलेख, दमेकको फेदी बाँसटारी, पैयुँ पुगेको पाईयो। उपरोक्त जुनसुकै स्थानमा बसोबास गरेता पनि कुल देवताको पूजाको समयमा मूलथलो पोखराचौरमा नै जम्मा भएर पूजा गरेको पाइन्छ। तर वि.सं.२०१० सालको आसपासतिर जनसङ्ख्या वृद्धि र त्यसबाट उत्पन्न असुविधाका कारणले गर्दा फलेवास र सिर्सुवाका भुसालहरूले आ-आफ्नै स्थानमा र अन्य सबै भुसालहरूले तीनघरेहरूले पोखराचौरको ठुलो खुलाचौरमा कुलपुजना गर्न थाले। त्यतिबेला एक- दुई जना भाई लामो पैदलयात्राद्धारा पश्चिम नेपालको 'बौतान' भन्ने स्थान ( हालको सेती अञ्चलको डोटी जिल्ला) मा बसाँई सरेर गएको पाईएको छ। उदाहरणको लागि पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं. ३ (साविक शंकरपोखरी गा.वि.स वडा नं. ९) बिरौटा बस्ने हरिलाल भुसालका कान्छा भाई का छोराहरू वौतान गाउँमा बस्छन्।

पर्वत जिल्लाको शंकरपोखरी, खानीगाउँ, देविस्थान, मुडिकुवा, थापाठाना, भँगरामा फैलिएर रहेका एकै बाजेका वंश वशिष्ठ गोत्रिय भुसालहरूविभिन्न जिल्ला र स्थानमा बसोबास गर्दै आएको पाइन्छ। पर्वत जिल्लाका विभिन्न स्थानबाट तराईका विभिन्न जिल्लाहरूमा बसाई सर्दै आएका भुसाल बन्धुहरू यो हाँगो, यहाँबाट यस ठाउँमा छन् भन्न यकिन गर्न गाह्रो भएको छ। पर्वतको पोखराचौरबाट फुट्दै, फैलिँदै गएर हाल सम्म

विदेशको भारत र बर्मामा स्थायी बसोबास गरी को? कति? के? बसोबास गरेका छन् भन्ने कुरा अध्ययनको सिमितताले गर्दा पत्ता लगाउन असंभव भएको छ। तथापी भुसालहरूका जेष्ठ व्यत्तिहरू तथा वयोवृद्धहरू सँगको छलफल, अन्तरक्रिया र अनौपचारीक वार्तालापको क्रममा यथासक्य जानकारीको लागि प्रयास गरिएको छ।

**तालिका नं. १ : उत्तरदातारूको जनसांख्यीक विवरण**

| क.स | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | जनसङ्ख्या | २१७ | २०८ | ४२५ |
| **उमेर अनुसार जनसङ्ख्याको वितरण** | | | | |
| १. | ० - १५ बर्ष सम्म | ५६ | ६१ | १०६ |
| २. | १६- ४५ | ६१ | ६८ | १३९ |
| ३. | ४६ - ६० | ६३ | ५१ | ११४ |
| ४. | ६० बर्ष भन्दा माथि | ३७ | २८ | ६३ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७५।

पोखराचौरमा भुसालहरूको ७५ घरधुरी रहेको, जम्मा जनसङ्ख्या ४२५ मध्ये महिला २१७ र पुरुष २०८ रहेको। जस अनुसार सबैभन्दा धेरै जनसङ्ख्या १६ देखी ४५ बर्ष उमेर समुहको रहेको छ भने सबै भन्दा कम जनसङ्ख्या रहेको उमेर समुह ६० बर्ष भन्दा माथिको रहेको छ। घरपरिवार मध्ये एकल परिवार २३ (३२%) र संयुक्त परिवारको सङ्ख्या ५२ (६९%) रहेको छ। जस मध्ये महिला घरमुली भएको घरपरिवारको सङ्ख्या १३ रहेको छ।

### ४.२.२ भट्टराईबाट भुसाल थरमा परिर्वतन हुनुको कारण :

विक्रम संम्वत १६९० सालमा वर्तमान वशिष्ठ गोत्रिय भुसालका पूर्वज उपाध्याय भट्टराई थिए। भट्टराईको वंशावलिले उल्लेख गरेको पाल्पाको 'वर्तुन' मा बस्ने भट्टराई नै भुसालहरूका पुर्खा थिए। हाम्रा पुर्खा कम्दु उपाध्याय भट्टराईका पिता यज्ञेश्वर भट्टराईले सेन राजाको दरबारमा टक्सार विभागमा जागिर गर्दथे। उनको पद 'खजाञ्ची' थियो। त्यहि पदको आधारमा हाम्रा पूर्वज खजाञ्ची उपनामले प्रचलित थिए र हाल पनि उक्त नाम प्रचलित नै रहेको छ। (स्रोत : बशिष्ठ गोत्रीय भुसाल वंशदर्पण, टंक प्रसाद भुसाल एवं अन्य, २०६१)

पाल्पाको उर्वरा भूमि, पाल्पाको माढी जस्तो समतल खेतीयोग्य जमिन वर्तुनका भट्टराईहरूको कृषि भूमि थियो । टक्सारको खजाञ्चीको जागिर, दरबार सम्मको पहुँचसम्म भएको कारणले कम्दु भट्टराई आर्थिक रूपमा सम्पन्न रहेका थिए । उनी सौखीन प्रवृतिका थिए, त्यसैले उनले घरमा 'सुनको ढुकुर' बनाएर राखिएको थियो । घरमा एक जना वैरागी ( योगी ) पालेका थिए । वर्तुन देखी तल नयाँ पाटी प्रभास भन्ने स्थानमा तत्कालिन राजाबाट विर्ता पाएका थिए । धेरै पुस्तादेखी भोग चलन गर्दै आएको विर्ताबाट प्राप्त त्यो क्षेत्रको जमिन तेरो- मेरोमा तत्कालिन त्यस क्षेत्रका काला भण्डारीसँग मुद्दा परेको रहेछ । पूर्वज कम्दु भट्टराईका पिताले मुद्दा हारे र प्रभास क्षेत्र भण्डारीको भयो । भट्टराई बाजेलाई त्यो ठाउँमा बस्न मन लागेन उनी तानसेनको भुसाल डाँडा बसाई सरे । बसाँई सर्दा पूर्वजले भनेका थिए रे "मेरा सन्तानले यो प्रभास क्षेत्रमा नटेक्नु यदि टेक्नै परे टोपी निकालेर प्रेत प्रेत भन्दै केही नखाई त्यो ठाउँ पार गर्नु र भण्डारीहरू सँग लेनदेन नगर्नु । अर्को योगे पानी नपिउनु र ऋडिका ऋषेश्वरको दर्शन नगर्नु" । तर समयको परिर्वन सँगै परम्परागत मूल्य र मान्तामा पनि उपोगिताका र औचित्यताका आधारमा परिर्वतन गर्नु पर्ने भएकोले यो मान्यता आउँदो पिढीको लागि आवश्यक देखिएन । (स्रोत : बशिष्ठ गोत्रीय भुसाल वंशदर्पण, टंक प्रसाद भुसाल एवं अन्य, २०६१)

तानसेनका भुसाल डाँडोमा बस्दै आएका भट्टराई बन्धु मध्ये एक भाई कम्दु भट्टराई बसाँई सरेर आफ्नी एकमात्र श्रीमती लिएर उत्तर तर्फ लागेछन् । दुई दिनको बाटो लिमिको डाँडो 'पोखराचौर' मा बस्न तत्कालिन पुर्कोटे राजासँग माग गरेछन् । राजाले पोखराचौरमा बस्ती बसाउन हुकुम दिए पछि कम्दु भट्टराईका जोडी पोखराचौरमा बस्दै आए । कम्दु भट्टराईकी सन्तानरहित श्रीमतीको मृत्यु भएपछि उनी एक्ला भएछन् । त्यतिबेला उनी पुर्कोटे कठुरी राजदरवारमा परिचित भईसकेका थिए । ठकुरी राजा आफ्ना रानीहरूसँग जिमिरघाटमा (जैमिनी ऋषिको तपोवन) गंगा स्नान गर्न जान्थे । बाटोमा पर्ने घरहरूमा बस्दै बिसाउँदै आउँदा धेरै घरको जानकारी लिने गर्दथे । त्यसैको फलस्वरूप राजाले फलेवास, खानीगाउँ बस्ने तिवारी थरका ज्योतिषी बाजेको छोरी 'भाना' नामकी कन्या विवाह गर्ने सल्लाह दिए । बाजेले राजाज्ञा बमोजिक विवाह गरे । बाजे कम्दु पाध्या भट्टराई र वज्यै भानाका सन्ततीहरू आज भुसाल थर भनिएर पोखराचौर र अन्य स्थानमा छरिएर रहेका छन् ।

भुसाल थर रहनुको मुख्य कारणमा कम्दु भट्टराई तानसेनको भुसाल डाँडाबाट पोखराचौरमा बसोबास गर्दै गर्दा त्यस ठाउँमा पहिलेदेखि बस्दै आएका छिमेकीहरूले भुसाल डाँडे ! भुसाल डाँडे ! भनेर सम्बोधन गर्ने गरेबाट शब्दको अपभ्रंस हुँदै जाँदा डाँडे भन्न छाडियो र भुसाल रहन गएको हो । (स्रोत : बशिष्ठ गोत्रीय भुसाल वंशदर्पण, टंक प्रसाद भुसाल एवं अन्य, २०६१)

# अध्याय : पाँच

# भुसाल जातिको सामाजिक अवस्था

समाज भनेको मानिसहरूका बीचको अन्त्ररक्रियात्मक सम्बन्ध हो । समाज भित्र रहका व्यक्तिहरू, समुहहरू र संस्थाहरूका बिचमा विभिन्न चरणहरूमा क्रिया, प्रतिक्रिया र अन्तरक्रिया भैरहन्छ । सामाजिक मान्याता भनेको मानिसका व्यवहारहरूलाई नियन्त्रया गर्नका लागि विकास गरिएका मापदण्डहरू हुन र सामाजिक मूल्य भनेको सामाजिक मान्यताहरूको मापन हो । सामाजिक मानयताले मानिसको व्यवहारलाई उचित वा अनुचित भनेर छुट्याउँदछ र मानव ले मानवसँग गर्ने अन्तरक्रियात्मक सम्बन्धलाई नियन्त्रित र व्यवस्थित बनाउँछ ।

## ५.१ भुसाल जातिको सामाजिक पक्ष

मानिसहरूका बीचमा एक निश्चित किसिमको अन्तरक्रियात्मक सम्बन्ध कायम हुन सामाजिक मूल्य र मान्यताको आवश्यकता पर्दछ । अर्को शब्दमा भन्नु पर्दा, सामाजिक मूल्यमान्यताले मानिसको व्यवहारलाई व्यवस्थित, नियन्त्रित र मर्यादित बनाई समाज वा अन्तक्रियात्मक सम्बन्धका लागि अनुकूल बनाइदिएका छन् । अतः सामाजिक मूल्य र मान्यता समाज निर्माणका आधारभूत तत्वहरू हुन र सामाजिक मूल्य तथा मान्यताको अभावमा समाजको परिकल्पना गर्न सकिदैन । जहाँ समाज हुन्छ, त्यहाँ सामाजिक मूल्य तथा मान्यता पक्कै हुन्छ । यसरी समाज, समाजिक मूल्य मान्यताका बिचमा मानिसको सामाजिक जिवन अगाडी बढीरहेका हुन्छ ।

### ५.१.१ भुसालजातिको शैक्षिक अवस्था

पर्वत जिल्लाको फलेवास नगरपालिका स्थित पोखराचौरमा बसोबास गर्ने भुसाल वंशमा शैक्षिक अवस्था निकै राम्रो रहेको छ । शिक्षा आर्जन गर्ने कममा भुसाल वंशका केही व्यक्तिहरू दरबार हाई स्कुल देखी वनारस सम्म पुगेको पाइन्छ । पोखराचौरमा भुसाल वंशका ७५ घरधुरीका ४२५ जनसङ्ख्या रहेको पाइन्छ । शिक्षाको ज्योति फैलाउने क्रममा यो वंशले यस क्षेत्रमा बिद्यायलय समेत स्थापन गरेका छन् । भुसाल वंशका सातौँ पूस्ता रामभद्रको पहलमा पोखराचौरमा गुरु पाठशालाको स्थापना गरेको पाइन्छ । पहिले पोखराचौरमा ठुलो पिपलको रुख रहेको र सोही रुखमुनी पाठशाला सञ्चालन गरेको वयोवृद्ध

शुक्रराज भुसाल बताउनु हुन्छ । हाल उक्त पिपलको बोट नरहेको तर सोही स्थानमा पुन पिपलको बोट रोपीएको छ । सोही कारण पोखराचौरको सो स्थानलाई हाल सम्म पनि तल्लोपिप्लो भन्ने गरीन्छ । सामाजिक र राजनैतिक क्षेत्रमा सक्रिय खगेश्वर भुसालको पहलमा शंकरपोखरी क्षेत्र कै पुरानो स्कुल पब्लिक एकेडेमी प्राईमेरी स्कुल हालको श्री त्रिभुवन उच्च.मा.वि को संस्थापक र संरक्षक समेत रहनु भएको थियो । उक्त स्कुलको स्थापना वि.सं.२०२७ सालमा भएको थियो ।

समाजलाई शैक्षिक दृष्टिकोणले अगाडी बढाउने क्रममा शुक्रराज भुसाल, नल प्रसाद भुसाल, बिष्णु प्रसाद भुसालको पहलमा आफ्ना पुर्खा रामभद्रको नाममा विं.स २०३६ सालमा श्री राम प्रा.वि.को स्थापना भएको गर्नु भएको थियो । पछि उहाँहरूकै पहलमा सो स्कुललाई नि.मा.वि मा परिणत गर्ने कार्य भएको देखिन्छ । यसक लागि भुसालवंशको संयुक्त अधिनमा रहने गरी पोखराचौर स्थित चाँपे भन्ने ठाउँमा करिब २५ रोपनी खेत बिद्यालयको गुठीमा रहने गरी सोही खेतबाट भएको आम्दानीले शिक्षकहरू राखी बिद्यालय सञ्चालन गरिरहेको छ । यसै गरी उहाँहरू बिद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र लगायतका विभिन्न समितिमा रहेर बिद्यालयको विकासको लागि सहयोग गर्नु भएको थियो । उक्त बिद्यालयलमा हाल मा.वि स्तरको अध्ययन् र अध्यापन हुँदै आईरहेको छ भने सो बिद्यालयबाट छिमेकी वडा गाउँहरूका बालबालिकाहरू पनि लाभान्वित भएका छन् ।

**तालिका : २ उत्तरदातारूको शैक्षिक अवस्थाको विवरण**

| क्र.स | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | प्राथमिक तह | ६८ | १६ |
| २. | माध्यामिक | ७६ | १७.८८ |
| ३. | स्नातक तह | ६५ | १५.२९ |
| ४. | स्नातकोत्तर | ४८ | ११.२९ |
| ५. | अनुसन्धान तह/पिएचडी (PHD) | ५ | १.१७ |
| ६. | सामान्य लेखपढ गर्न जान्ने | ११७ | २७.५२ |
| ८. | निरक्षर | ४६ | १०.८२ |
| | कुल | | |

स्रोत : घरधुरी सर्वेक्षण, २०७५ ।

तालिका नं. २ ले पोखराचौरका भुसालहरूको शैक्षिक अवस्थालाई देखाएको छ । ७५ घरपरिवारका कुल ४२५ जनसङ्ख्या मध्ये साक्षरको जनसङ्ख्या प्रतिशत सबै भन्दा बढी ( २७.५२%) रहेको भ भने पिएचडी, चार्टड एकाउनटेन्टर ईन्जिनियरिङ गर्नेको प्रतिशत सबैभन्दा कम ( क्रमशः ०.९४, १.४१ र १.६४) रहेको देखिन्छ । समान्य लेखपढ पनि गर्न नसक्ने जनसङ्ख्या ६.३५ प्रतिशत रहेका छन् । यसमा पनि ६० बर्ष भन्दा कम उमेरकाहरको सङ्ख्या ५ जना मात्र रहेको छ । माथिका सबै सन्दर्भलाई बिश्लेषण गर्दा अन्य वर्गको तुलनामा भुसालहरूको शैक्षिक अवस्था राम्रो रहेको छ भन्न सकिन्छ । एस.एल.सी /एस.ई.ई. तह उत्तिर्ण भईसकेपछि पनि पोखराचौरबाट करिब १५ मिनेटको दुरीमा शंकरपोखरीमा स्नातकतह सम्म अध्ययन अध्यापन हुने श्री त्रिभुवन उच्च मा.बि रहेको हुँदा उच्च शिक्षामा पनि सजिलै पहुँच पुगेको छ । यसबाट उच्च शिक्षाको लागि शहरमा जान सक्ने अवस्था नभएको घरपरिवारको पनि उच्च शिक्षामा पहुँच पुगेको छ ।

### ५.१.२ भुसाल जाति र अन्य जाति र समूह बीचको सम्बन्ध

समाज एउटा बृहत अवधारण हो । समाज अंग्रेजी शब्द Society, ल्याटिन भाषाको क्यअष्याक भन्ने शब्दबाट आएको हो, जसको अर्थ हुन्छ सम्बन्ध र सामाजिकता । समाज भनेको केवल व्यक्तिहरूको थुप्रो मात्र होइन । यो त व्यक्ति, समूह र उनीहरूको बिचको सम्बन्ध, व्यवहार, अन्तरनिर्भरता, अन्तरक्रिया आदि समाविष्ट भएको संजाल नै समाज हो । पोखराचौरमा बसोबास गर्ने भुसाल वंशको परिवार- परिवार बिचमा, विविध जातजातिहरूको बीचमा र फरक- फरक समाज र समुदायको बीचमा अत्यन्त गहिरो सम्बन्ध रहन गएको छ । विकास निर्माणका कार्यहरू देखी लिएर सामाजिक मूल्य, मान्यता, रीतिरिवाज, संस्कार सबैको पालनामा सबै वर्गलाई समावेश एवम् सहभागिता जनाउँदै यो वर्ग समाज विकासको क्रममा अगाडी बढेको देखिन्छ । अरुको सुखलाई आफ्नो सुख सम्झिने र दुःखमा खुला दिलले सहयोग गर्ने, आफ्नो र अर्को नभनी सबैप्रति समान व्यवहार गर्ने संस्कार समाजमा रहेको छ । सामाजिक सम्बन्ध बारेमा कथन ‘ जीउँदाको जन्ति र मर्दाको मलामी’ को रूपमा एक अर्कालाई सहयोग गर्ने, परिवार- परिवार र अन्य जाति जनजातिहरूसँग अर्मपर्म गरी खेतीपाती गर्ने, श्रमको सम्मान तथा त्यसमा विश्वास गर्ने, गाउँघरमा भएका समस्याहरूलाई समधानको लागि सहयोग गर्ने, गाउँमा अन्याम परेका र पिडितहरूलाई न्याय प्राप्तिको लागि सहयोग गर्ने, विभिन्न जातजातिहरू बिच

मितेरी सम्बन्ध कायम गर्दै समाजका विकास निर्माण कार्यमा एकताबद्ध रूपमा अगाडी बढेको पाइन्छ ।

पोखराचौरमा बसोबास गर्ने भुसाल वंश र अन्य जातिहरू मेलमिलापको साथै बस्दै आएका छन् । वर्तमान अवस्थामा भुसाल वंश र त्यस समुदायमा बस्ने अन्य जातजातिहरू बिच सुमधुर सम्बन्ध कायम गरी समाजमा आईपरेका समस्या र चुनौतिहरूलाई सामुहिक रूपमा समाधान गरी समृद्ध समाजको परिकल्पना सहित अगाडी बढेको पाइन्छ ।

### ५.१.३ विभिन्न संघसंस्था, समाजसेवा र विकास निर्माणका कार्यमा भुसाल जातिको आवद्धता एवं सहभागीता

राष्ट्रिय जनगणना बि.सं. २०६८ अनुसार नेपालमा १२५ वटा जातजाति रहेका छन् । नेपालको कुल जनसङ्ख्या २,६४,९४, ५०४ मध्ये ब्राह्मणको जनसङ्ख्या १३ प्रतिशत रहेको देखिन्छ । ब्राह्मणको कुल जनसङ्ख्या मध्ये धवलागिरिमा बसोबास गर्ने ब्राह्मणको जनसङ्ख्या ३.३३ प्रतिशत रहेको छ भने कुल जनसङ्ख्यामा धवलागिरिमा बसोबास गर्ने ब्राह्मणको जनसङ्ख्या ०.०४ प्रतिशत मात्र रहन गएको तथ्याङ्कले देखाएको छ । हिन्दु धर्ममा विश्वास गर्ने भुसालवंश ब्राह्मण जाति हुन् । अन्य जातिको तुलनामा भुसालहरूको सङ्ख्या न्युन रहेको छ । सङ्ख्या न्युन भए तापनि विभिन्न संघसंस्था, सामाजिक सेवा तथा विकास निर्माणमा यिनीहरूको आवद्धता एवम् सहभागितालाई हेर्ने हो भने तत् तत् क्षेत्रमा उनीहरूको भूमिका अतुलनीय रहेको देखिन्छ । सामाजिक सुव्यवस्था कायम गर्न र समाजमा दिर्घकालीन रूपमा सकरात्मक छाप पार्न लागि परेको दखिन्छ । विकास निर्माणका लागि समदाय परिचालन गर्न विभिन्न क्षेत्रका समूह एवम् समितिहरू निर्माण गरेका छन् । जस्तै कालिका सामुदायिक बन उपभोक्ता समिति, नवकालिका सामुदायिक युवा क्लब, तरकारी तथा विउ उत्पादन समूह, आमा समूह, दुग्ध सहकारी, आदि । त्यसैगरी बिद्याल व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, नगरपालिकाका वडाहरू आदिमा भुसालहरूको आवद्धतामा नेतृत्व रहेको छ । यी विभिन्न तह र तप्कामा रहेर आफ्नो भूमिका निर्वाह गर्नेमा खगेश्वर भुसाल, कृष्ण प्रसाद भुसाल, शुक्रराज भुसाल, विष्णु प्रसाद भुसाल, टोप प्रसाद भुसाल थिए भने हाल मोति प्रसाद भुसाल वडा सदस्यको रूपमा रहनु भएको छ । त्यसै गरी भूषाहरूश्री राम नि.मा.बि र श्री त्रिभुवन उच्च मा.विमा बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष, सदस्य

समेत भएर ईमान्दारीताका साथ कार्य गरेको देखिन्छ । त्यसै गरी राज्यको स्तरबाट निर्माण गरीने विभिन्न विकास निर्माणका कार्यहरू जस्तै : हस्पिटल/स्वास्थ्य चौकी निर्माण समिति, खानेपानी निर्माण समिति, बाटो/सडक निर्माण समिति, विभिन्न भवननिर्माण समितिमा रहेर ईमान्दारी पुर्वक कार्यहरू सम्पन्न गरेको पाइन्छ । यी माथिका दृष्टान्तहरूले के देखाउँछ भने पोखराचौरका भुसालवंशहरू सामाजिक एवं शैक्षिक क्षेत्रको विकासको साथै समग्र क्षेत्रको विकास गर्नमा महत्वपुर्ण भूमिका निर्वाह गर्दै आईरहेका छन् ।

## ५.२ भुसाल जातिको साँस्कृतिक पक्ष

अङ्ग्रेजीको 'Culture' शब्दको रूपान्तरणमा नेपालीमा सँस्कृति शब्दको प्रयोग हुँदै आएको छ । व्युत्पत्तिका आधारमा हेर्दा नेपाली भाषामा प्रयोग हुँदै आएको सँस्कृति शब्द सँस्कृत भाषको कृत् धातुबाट बनेको हो र यो आधारमा हेर्दा सँस्कृति शब्दको नेपाली अर्थ हुन्छ- सबै देष्टिकोणले राम्रो वा शुद्ध बनाइएको । सँस्कृतिलाई कुनै वस्तु परिमार्जन गरेर वा संस्कृत रूप दिएर चम्किलो र उज्यालो बनाउने कार्य भन्ने अर्थमा पनि प्रयोग गरिएको पाइन्छ । मानवशास्त्रमा चाँहि सँस्कृतिलाई बोलचालको भाषामा भन्दा पृथक, व्यापक एवं गहन अर्थमा लिने गरिन्छ, सँस्कृति मानवशास्त्रको केन्द्रिय बिषयवस्तु नै हो ।

सर्वप्रथम मानवशास्त्री ई.बी टायलर ( Edward Burnett Tylor)ले सन् १८७१ मा प्रकाशित पुस्तक Primitive Cultureमा संस्कृतिको परिभाषामा भनेका छन्- ‘संस्कृति एउटा जटिल योग हो, जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, प्रथा तथा समाजको एक सदस्यको रूपमा मानिसले हासिल गर्ने सबै समर्थताहरू समाविष्ट छन्’ । त्यसै गरी संस्कृतिलाई परिभाषित गर्दै क्योनिङ (Koenig)ले ‘मानवले आफूलाई पर्यावरणमा अनुकुलित गर्न र आफ्नो बाँच्ने तौरतरिकालाई उन्नत तुल्याउन जुन प्रयत्नहरू गर्छ, तिनिहरूको यो नै सँस्कृति हो’ ।

सँस्कृति शब्दको अर्थ बोलचालको भाषाको भन्दा फरक, विशिष्ट र व्यापक अर्थ रहेको छ । मानवशास्त्रमा सँस्कृति आर्जित व्यवहारहरूको योग हो, यी व्यवहारहर समूहका सदस्यहरूले पालना गर्छन र परस्परमा हस्तान्तरण गर्दछन् । संस्कृति मानिसले आफूलाई प्र्यावरणमा अनुकुलित गर्ने र बाँच्ने तरिकालाई उन्नत बनाउन निर्माण गरेका रचना एवं साधनहरूको संग्रह हो त्यो संग्रह नयाँ पुस्ताले पुर्वाबाट प्राप्तगर्ने गर्दछ ।

### ५.२.१ भुसाल जातिको धर्म, गोत्र एवम् कुल देवता

धर्म भनेको अध्यात्मिक/अलौकिक शक्ति माथिको विश्वास हो। यसलाई प्रकृतिप्रतिको विश्वास, भक्ति, भाव, पुजा आरधना, संस्कार आदिसँग सम्बन्धित छ। दुःख, पीर, व्यक्तिगत पराजय, अशान्ति आदिको अवस्थामा मानिस मानसिक रूपमा हुन्छ। यतिबेला यसलाई मानसिक शान्ति आवश्यकता पर्छ। धर्मले यस्तो अवस्थामा शान्ति प्रदान गर्दछ। धर्मले मानिसहरूका बीचमा एकताको भावनालाई बढाईदिन्छ। सामाजिक प्रथा, परम्परा, मूल्य मान्यता आदि धर्ममा आधारित हुन्छन्। धर्मले मानिसको व्यवहारलाई नियन्त्रण गरी सामाजिक व्यवस्थालाई व्यवस्थित बनाउँछ। धर्मले निश्चित गरेका सीमाबाहिरका कार्य गर्दा पाप लाग्छ र त्यस्तो कार्य अनुचित हुन्छ भन्ने ठानेर मानिसहरूले आफ्नो व्यवहारलाई नियन्त्रण गर्दछन् र सामाजिक व्यवस्थाले स्थिरता प्राप्त गर्दछ।

विश्वमा विभिन्न प्रकारका धर्महरू अस्तित्वमा रहेका छन्, जस्तै : हिन्दु धर्म, बौद्ध धर्म, ईस्लाम धर्म, ईसाई धर्म, सिख धर्म, जैन धर्म आदि। आर्य समाजका पर्वतक दयानन्द सरस्वती हुन्। बौद्ध, इस्लाम, इसाई, सिख, जैन, यहुदी धर्मका पर्वतकहरूमा क्रमशः सिद्धार्थ गौतम, पैगम्बर मोहम्मद, जिसस क्राइस्ट, गूरु नानक, महाविर जैन र हजरथ मुसा पर्दछन्। पोखराचौरमा बसोबास गर्ने भुसाल वंशले हिन्दु धर्मलाई आफ्नो मुख्य धर्म मान्दछन्।

वंश प्रर्वतक ऋषिमुनिहरूका नामबाट चलिआएको पुख्यौलि चिनाउने उपनामलाई गोत्र भनिन्छ। गोत्र चलाउने र वंशका आदि पुरुषको रूपमा वशिष्ठ, भारद्वाज, काश्यप, अत्रि, विश्वमित्र, गर्ग आदि पर्दछन। गोत्र शब्द र प्रवरका बारेमा (२०६४) ले उल्लेख गर्दछन्।

> *गोत्र शब्द सायद 'गोष्ठ' शब्दबाट अपभ्रंश भएको हुन सक्दछ। यहाँ गोष्ठ शब्दले जत्था, हुला वा एकाघरको भन्ने अर्थ बुझ्न पर्दछ। अमरकोशले पर्वत, वंश र नाम भनेर उल्लेख गर्दछ भने वाचस्पत्यकोशले पवर्त, नाम, ज्ञान, जंगल, खेत, छत्र, संघ, धन, मार्ग, बृद्धि र मुनिहरूका वंश भनेर स्पष्ट पारेको छ (पन्त २०६४:१०६)। जुन ऋषिका नाममा आफ्नो गोत्र राख्ने गरिन्छ। प्रत्येक गोत्रका प्रवर हुन्छन्। प्रवरचाहि सम्बद्ध ऋषि भाइ परिवारका नाममा बनाइएको हुनछ। प्रवरलाई सगोत्री पनि मानिन्छ। सगोत्रमा गर्नुपर्ने र गर्न नहुने व्यवहार प्रवर बीच पनि गर्ने गर्नुपर्दछ ( पन्त, २०६४: १०५- १०६)।*

पोखराचौरमा बसोबास गर्ने भुसाल थर ब्राह्मण वंशका हुन । उनीहरूले आँफूलाई पुर्विय दर्शनका अनुयायी र त्रिकालदर्शी ऋृषि बृन्दका बरिष्ठ सन्तती मान्दछन् । भट्टराईबाट भुसाल थर भएका पोखराचौर बसोबास गर्ने भुसालहरू वशिष्ठ गोत्रिय ब्राह्मण हुन् । वशिष्ठ एउटा प्रतिष्ठित ऋृषिको नाम हो । यिनैको नामबाट गोत्र रहन गएको हो । यसलाई गोत्रावलीमा यसरी लेखिएको छ : *वशिष्ठगोत्रेय जाता प्रवरत्रयसंयुता । वशिष्ठोभारद्धाजश्च । तस्मिनगोत्रे भवाविप्रा वेदवेदांगपारगा ( साभार : स्कन्धपुराणम्, ब्रह्मखण्डे नवमोध्याय ) यस अनुसार हामी पूर्वीय ब्राह्मणहरूको प्रवर वशिष्ठ, भारद्धाज र इन्द्रप्रमद हो ।*

त्यस्तैगरी पोखराचौरमा बस्ने वशिष्ठ गोत्रीय भुसाल ब्राह्मणले कुल पूजामा दुर्गा र कालिकालाई मान्ने गरेका छन् । कुल पुजाको दिन रुद्री लगाउने र पुजाको सकिएपछि कुलको लागि कान्छी पाठी बलि दिने र त्यसपछि बोकाको बलि दिने प्रचलन रहेको छ । कुल पूजा गर्दा खीर रोटीले मात्र पूजा गर्ने काटमार नगर्ने भन्ने बारेमा बहस र छलफल चलेको छ तर यसमा मतैक्यता हुन सकेको छैन ।

### ५.२.२ भुसाल जातिका सगोत्री थरहरू

वशिष्ठ ऋृषिका सन्तानहरू भित्रै समय सापेक्ष रूपमा विभिन्न थरहरूको निर्माण भएको छ । त्यस मध्ये भुसाल थर पनि एक हो । गोत्रसँग मिल्ने थरका बन्धुहरूलाई सगोत्रीय भनिन्छ । भुसाल वंशका सगोत्रीय थरहरूमा पाठक, चालिसे, खराल, दहाल, भण्डारी, दवाडी, गैरे आदि रहेका छन् । भुसाल वंशका सगोत्री थरहरूका बीचमा केही सामाजिक प्रचलनहरू पनि बिद्यामान छन्, जस्तै : विवाहको सन्दर्भमा हेर्दा वर र वधुको गोत्र र प्रवर दुबै फरक हुनु पर्ने हुन्छ । यदि वर र वधुको गोत्र एउटै छ तर थर र कुल देवता फरक छ भने विवाह गर्न सकिन हुन्छ । कसैले एकै गोत्रमा विवाह गर्छ भने तयो मिचाहापन, नास्तिकता हो र त्यस्ता एकै गोत्रका दाजु- बहिनी श्रीमान्- श्रीमती भएमा सन्तानमा नोकसान पर्छ भन्ने मान्यता रही आएको छ । भुसाल वंशमा मामा र फूपूका छोरी छोरीलाई सहोदर भाई बहिनीको रूपमा मानिएको छ । वैवाहिक सम्बन्ध कायम हुन सक्नदैन् । पिताको पक्षतर्फ सात पुस्ता र माताको पक्षतर्फ पाँच पुस्ताभन्दा बाहिर कुनै रोकावट छैन भनिए तापनि यद्यपी यो प्रचलन व्यवहारमा देखिँदैन ।

### ५.२.३ भुसाल जातिमा जाति प्रथा

भुसाल वंश वशिष्ठ गोत्रीय “भट्टराई” ब्राहमण हुन। समय गतिको लामो अन्तरालमा बसाँई-सराईका विभिन्न चरणहरू र तिनीहरूले ल्याएका नयाँ-नयाँ सम्बोधन गर्ने नाम, तिनका शाब्दिक अप्रभंसताले गर्दा आज भुसाल थरबाट परिचित हुन पुगेका छन् । वास्तवमा भुसाल भट्टराई ब्राह्मण हुन। शास्त्रीय वर्णाश्रमीय धर्म र कर्म भनेको पढनु- पढाउनु, वैदिक कर्म गर्नु गराउनु र दान लिनु- दिनु जस्ता ब्राह्मण कर्म हुन। समयको प्रवाह सँगै आफ्नो चित्त-वृतिलाई नियन्त्रण गर्न नसकी वर्णाश्रमका सिमारेखाबाट विचलित भई आफ्ना व्यवहार वा कर्म गतिका कारण जातित्वका दृष्टिले ब्राह्मणको रेखाबाट थोरै तल खस्किनको कारण सम्बन्धित व्यक्ति वा वंशको स्थित अलग हुन आएको छ। भुसाल वंश सँग सहकार्य गर्ने, समान व्यवहार गर्ने, यज्ञकर्ममा पण्डितमा वरण गर्ने सहयात्री र सहकर्मीलाई ब्राह्मणलाई उच्च आदार सम्मान गर्ने प्रचलन रहेको छ, यो संस्कार पुर्खाहरू देखी नै निरन्तर रूपमा चल्दै आएको छ।

### ५.२.४ भुसाल जातिमा जुठो सूतक सम्बन्धि निणर्य

वंश वृद्धिको क्रम बढ्दै जाँदा कति हाँगोसम्म जुठो बार्ने निर्णय हुन आवश्यक दखिन्छ। शास्त्रीय विधान मुताविक वारना गर्नु पर्ने जुठो सुतक नवार्दा पनि त्यस समय भित्र गरिएका विविध कर्मको फल प्राप्त नहुने मात्र नभई उल्टो प्रतिक्रिया हुने वा अनर्थ वा वंशमा पिडादायीक हुन्छ भन्ने लेखिएको पाइन्छ। त्यति मात्र होईन सँस्कारको मतलव नराख्नेहरूमा त्यसको नकरात्मक प्रभाव पनि परेको कुरा वयोवृद्धहरू बताउँछन् । वंशमा धेरै पुस्ता वितेर जुठो सूतक वारना गर्न नपर्ने भएकोमा वारना गरेर देव र पितृ कार्य, तर्पण र आफ्ना नित्य कर्म रोक्दा पनि देव-दण्ड, पितृदण्डमा पर्ने र दैनिक व्यवहार रोकिएर कठिनाइ समेत हुने भएकोले शास्त्रीय विधि विधान, वैदिक सनातन हिन्दु धर्मको परम्परा र समाजमा देश, काल र परिस्थित अनुसारको लोक सम्मती अनुसार जुठो सूतक सम्बन्धि निर्णय गर्नु वाञ्छनीय देखिन्छ।

### ५.२.५ भुसाल, रिजाल सम्बन्ध र कुलपुजामा सहभागिता

बैशाख शुक्ल पुर्णिमालाई चण्डी पूर्णिमा भनिन्छ, यहि पूर्णिमाको अवसर पारेर ३ अथवा ५ बर्षको फरकमा कुलपूजा गर्ने प्रचलन रहेको छ। कुल पूजामा वराहलाई इष्टदेव

र देविलाई इष्ट शत्तिको रूपमा पूवन गरी वशिष्ठ ऋषिलाई कुलका आदि पुरुष भनी पुजन गर्ने प्रचलन भुसाल वंशमा रहेको छ। भुसाल वंशमा पुर्खाहरू देखीनै कुल पुजामा बलि दिने प्रचलन चलिआएको पाइन्छ। देवीको वाहनको भोजनका लागि कुल मन्दिरमा रहेको मौलो नजिकै वलिदिई रगत मौलामा रगत चढाउने प्रचलन रहेको छ। यसो गर्दा देवीका वहान प्रशन्न भए हुन्छन् भन्ने चलन रहेको छ। सो दिनमा आफ्ना सम्पुर्ण आफ्त, नातेदारहरू बोलाएर रमाईलो गर्ने, भोजभतेर गर्ने प्रचलन रहेको छ।

वि.सं.२०४८ साल देखी चितवन र नवलपरासी जिल्लामा छरीएर रहेका वशिष्ठ गोत्रीय भुसालहरूले हाल नवलपरासी जिल्लाको गैंडाकोट नगरपालिका वडा नं. १, कालिका जाने बाटोको दायाँ तर्फ जंगलमा पर्वतको पोखराचौरबाट कुलको ढुङ्गा लगेर कुल देवताको मन्दिर स्थापन गरी पूजा गर्दै आईरहेका छन्। यसरी नवलपरासीमा पूजा गर्दा बलिप्रथा हटाई भागवत पाठ सहित कुल पूजा गरिँदै आएको छ। यसरी कुल पूजामा काटमार तथा बलि प्रथा हटाउने कार्यको सुरुवात नवलपरासीमा रहेको भुसाल वंशले सुरुवात गरीरहेका छन्।

भुसालहरूको पुर्ख्यौली थलो पोखराचौरमा कुल पुजा गर्ने गरेको ठाउँलाई "देउपुजा", ब्राह्मणहरूले खाने पानीलाई "बिष्ट पानी", योगी बस्ने गरेको कुटी जलेर खाली भएको ठाउँलाई "डढुवा घडेरी" भन्ने पर्वत फलेवास नगरपालिका वडा नं. ३ शंकरपोखरी भित्रका इतिहास बोकेका स्थानहरू हुन, (भुसाल वंशका वयोवृद्ध श्री शुक्रराज भुसाल, विष्णु प्रसाद भुसाल, मोति प्रसाद भुसाल, दिलराज भुसालहरू सँगको छलफल तथा अन्तरक्रियामा आधारीत, २०७४)।

बराह, देवी र वशिष्ठ ऋषिलाई लाभा, रोटी, नैवेद्य, खिर र फलफुलद्धारा पूजा गर्ने गरिन्छ। बिशेषत पुर्णिमाको दिन, शान्ति र अहिंसाका पुजारी गौतम बुद्ध जन्मेको दिन, कुलका आदि पितृहरू र देवताहरूलाई पुज्ने दिन हुनका साथै सबै जातजातिहरूले बलिप्रथालाई हटाँउदै गएको कारण भुसाल वंशमा पनि कुल पुजामा बलि प्रथालाई हटाउने चर्चा चलिरहेको छ। अहिंसाका पूजारी ऋषि, देवता र पितृहरूको पूजामा प्राणीको बलि वा काटमार गर्दा आफ्नो निहित स्वार्थ जस्तो देखिने हुँदा भुसाल वंशमा क्रमशः बलि प्रथाा हटाउने तर्फ प्रयासरत हुन बाञ्छनिय देखिन्छ।

### ५.२.६ भुसाल जातिका स्रोह संस्कारहरू

जन्मदेखी मृत्यु पर्यन्त गरिने मानवीय संस्कारहरूलाई षोडष (सोह्र) संस्कार भनिन्छ। विभिन्न धर्मशास्त्रमा विविध प्रकारका संस्कारहरू निर्धारण गरिएका छन्। गौतम स्मृतिमा ४८ वटा संस्कारहरू बताईएको छ। महर्षि अंगिराले २५ वटा संस्कारहरू निर्धारण गरिदिएका छन्। ब्राह्मण जातिका पनि विविध प्रकारका संस्कारहरू रहेका छन्। वैद्धिक विधि अनुसार गरिने ब्राह्मण जातिका सोह्र प्रकारका संस्कारहरू निम्नानुसार रहेका छन्।

| | | |
|---|---|---|
| १. गर्भाधान संस्कार | २. पुंसवन | ३. सीमान्तोन्नयनम् संस्कार |
| ४. जात- कर्म | ५. नाम- कर्म | ६. निष्कर्मण |
| ७. अन्नप्राशन | ८. कणबेध | ९. बिद्यारम्भ |
| १०. चुडाकर्म | ११. केशान्तक | १२. उपनयन |
| १३. बेदारम्भ | १४. समार्वतन | १५. विवाह |
| १६.मृत्यु | | |

माथि उल्लेखित गरिएका १६ संस्कारहरू मध्ये नौ वटा संस्कारहरू ( गर्भाधान, पुंसवन, समीमान्तोन्नयनम्, जात-कर्म, नाम-कर्म, निष्कर्मण, अन्नप्राशन, कर्णबेध र बिद्यारम्भ) जन्म संस्कार अर्न्तगत पर्दछन्। वर्तबन्ध संस्कार कार्य पुरा गर्दा चुडाकर्म, केशान्तक उपनयन, वेदारम्भ र समार्वतन सवै संस्कारहरू पुरा गरिन्छ। विवाह संस्कार पुरा गर्दा वागदान, स्वयम्बर, बरण, मधुपार्क, कन्यादान, सिन्दुर प्रदान र चतुर्थी लगायतका कार्यहरू गर्ने प्रचलन भुसाल वंशका ब्राह्मणहरूमा रहेको पाइन्छ। मानिसको मृत्युपश्चात गर्ने कार्य भनेको अन्त्येष्टि हो।

## ५.३ भुसाल जातिको पोखराचौरबाट अन्य स्थानमा बसाँइसराई

बसाइसराई मानव समाज एवं समूहले सामाजिक वातावरणमा आफूलाई अनुकुलन गर्ने प्रक्रिया हो। उत्कृष्ट मानव जिवनको लागि नै मानिस एक ठाउँबाट अर्को ठाउँमा बसाई सर्ने गर्दछ।

पर्वतको पोखराचौरमा बसोबास गर्ने केही घरपरिवारहरू आफ्नो जग्गा जमिन र घर अरुलाई जिम्मा लगाएर वा बेचेर विश्वमा विभिन्न मुलुकहरू जस्तैः भारत, अमेरीका, अष्ट्रेलिया लगायतका मुलुकहरूमा अस्थायी वा स्थायी बसोबास गर्दै आएका छन्। जसको

कारण युवाहरूमा गाउँमा बसेर केही गर्ने भन्दा पनि विदेशीने क्रममा निरन्तर रूपमा वृद्धि भएको पाइन्छ । नेपालमा बसाँईसराईको मुख्य कारणहरू मध्ये रोजगारीको खोजी हो ।

यहाँका भुसालहरू पोखराचौबाट पर्वत जिल्लाको अन्य विभिन्न स्थानहरूमा बसोबास गरी सो स्थान बाट पनि अन्य विभिन्न जिल्लाहरूमा बसाईसराई गरेको पाइन्छ। यसको मुख्य कारण आर्थिक तथा जीविपार्जन नै हो भन्ने कुरा सम्बन्धित क्षेत्रका जानकारहरूले बताएका छन् (स्थलगत अवलोकन,, २०७४) । यसका साथै आधुनिक सुख-सुविधाको खोजिका लागि पनि यो वंश अन्यत्र स्थानमा बसोबास गरेको देखिन्छ । पर्वतको पोखराचौरबाट पर्वतकै विभिन्न स्थानमा बसोबास गरेका र सो स्थानबाट पनि अन्यत्र जिल्लाहरूमा बसाईसराई सर्ने भुसालहरूको बसाईसराईको अवस्थालाई निम्नानुसार देखाउन सकिन्छ ।

**तालिका नं. : ३ उत्तरदातारूको बसाईसराई को अवस्था**

| जिल्ला | परिवारको सङ्ख्या |
|---|---|
| कास्की | २ |
| काठमाण्डौ | ४ |
| रुपन्देही | ७ |
| चितवन | ९ |
| बर्दिया | ५ |
| बाँके | २ |
| कैलाली | ५ |

स्रोत : स्थतलगत सर्वेक्षण र अन्तरवार्ता तथा जानीफकार सँग छलफल, २०७५

माथिको तालिकामा पोखराचौर (मुल स्थान) बाट पवर्त जिल्लाकै विभिन्न स्थानहरूमा बसाईसराई गरेको स्थानहरूको बारेमा जानकारी गराईएको छ। उक्त बसाईसराई विशेषत मुल स्थानमा जीवकोपार्जनको लागि समस्या, स्रोतहरूको कमी, खाद्यन्नको कमी, जनसङ्ख्याको चापको कारणबाट भएको देखिन्छ (जानीफकारहरू सँगको छलफल, २०७५) । सोही क्रममा जीविकोपार्जनलाई अझै सहज बनाउन तथा शिक्षा, स्वास्थ्य, भौतिक सुविधाहरू, सुरक्षा, रोजगारी लगायतका अत्यावश्यक कुराहरूको प्राप्तिको लागि अन्तरजिल्ला बसाँईसराई सरेको पाइन्छ ।

## ५.४ भुसाल वंशको बासस्थान र भौतिक सम्पत्तिको स्थिति

पर्वतको फलेवास स्थित पोखराचौरमा बसोबास गर्ने पाल्पा जिल्लाको तानसेन स्थित भुसाल डाँडोबाट आएको देखिन्छ। तत्कालिन समयमा कम्दु भट्टराई बसाँई सरेर आफ्नी श्रीमती लिएर उत्तर तर्फ लागेका थिए। दुई दिनको बाटो लिमिको डाँडो 'पोखराचौर' मा बस्न तत्कालीन पुर्कोटे राजासँग माग गरेछन्।

घरहरू मुलतः २/३ तले रहेका छन्। अधिकांश घरहरू माटो र ढुङ्गाको जडान गरी गारो लगाई दलिन राखी माटोले ढलान गरी जस्ता पाताले छाएका छन्। केही घरहरू ढुङ्गाले छाएका छन् भने नगन्य मात्रामा घरहरू खरले छाएको पनि पाइन्छ। १ दशक अगाडी सम्म अधिकांश घरहरू खरले छाएको पोखराचौरमा हाल भने खरले आएको घर पाउन मुस्किल पर्दछ। हालका बर्षहरूमा भने प्रत्येक घरको भित्तो र पिँढी प्रायः सिमेन्टले ढलान गरेका छन्। विगतको बर्षमा विभिन्न रङको माटोले घरहरू रङ्गयाउने चलन भएता पनि हाल चुना र अन्य रङको प्रयोग गर्ने संस्कृतिको विकास भईरहेको छ। करिब ७५ घरहरू मध्ये २/३ घरमा मात्रै सिमेन्ट र छडको प्रयोग गरिएको पाइन्छ। चर्पीको निर्माणमा भने छड र सिमेन्टको प्रयोग गरिएको पाइन्छ। प्रत्येक घरमा चर्पीको निर्माण गरिएको छ। पानीको सर्न्दभमा गाउँको एक वटा साझा पँधेरो (पैयुँ पानी ) रहेको छ भने करीब ५/६ घरको बिचमा एउटा धारा छ। प्रत्येक घरमा भान्सा कोठा छुट्टै बनाएको छ, प्रायको घरमा पुजा कोठा पनि रहेको पाइन्छ। प्रायको घरमा आँगन, आँगनको पुर्वपट्टि तुलसीको मठ रहेको स्थलगत अवलोकन बाट देखिन्छ। प्रायः घरको बाहिरी पिँढीमा एउटा खाट र बेन्ची अतिथिको लागि राखिएको पाइन्छ। साँझ बिहान पुर्सद हुँदा एक अर्काको घरमा गई आफ्ना सुखःदुखका अनुभवहरू साटासाट गर्ने गर्दछन्।

## अध्याय : छ

## पोखराचौरका भुसालकोपरम्परागत पेशाको अवस्था

### ६.१ परिचय

नेपाली अर्थतन्त्रको आधार करीब दुईतिहाई जनसङ्ख्या रोजगारी र जिविकाको लागि कृषि क्षेत्रमा निर्भर रहेको छ। यहाँका करीब ७४% जनसङ्ख्या कृषि पेशामा संलग्न रहेका छन्। भने कुल जनसङ्ख्याको करीब ६.६% जनसङ्ख्या उद्योग व्यवसायमा आवद्ध रेहेका छन् (CBS २०६८)। नेपालको अर्थव्यवस्था विकासोन्मुख अर्थव्यवस्था हो। नेपालको प्रमुख पेशा कृषि भएता पनि यसको साथै उद्योग, व्यापार, पर्यटन, वैदेशिक रोजगारको पनि विकास र विस्तार हुँदै गईरहेको छ।

### ६.२ पेशा - व्यवसाय

पर्वत जिल्लाको फलेवास नगरपालिका स्थित पोखराचौरमा बसोबास गर्ने ब्राह्मण वंशका भुसालहरूको मुख्य पेशा कृषि र पशुपालन नै रहेको छ। समयको माग र आफ्नो पारिवारिक आवश्यकता अनुसार अन्य पेशाहरू अँगाल्दै आएको पाइन्छ, जसलाई तपसिल बमोजिम छुट्टाछुट्टै उप-शीर्षकहरूमा विश्लेषण गरिएको छ :

### ६.२.१ कृषि

नेपालमा कुल भूभागको १७.९७ प्रतिशत जमिन खेतीयोग्य रहेको छ भने कुल खेतियोग्य जमिन मध्ये ५३.२१ प्रतिशत जमिन सिँचित रहेको छ। त्यसै गरी आफ्नै कृषि उपजले खानपुग्ने कृषक परिवार ४४ प्रतिशत रहेको छ ( छैठौं कृषि गणना, २०६८ )। पोखराचौरमा बसोबास गर्ने भुसाल परिवारको स्वामित्वमा रहेको खेतको विवरण तलको अनुसुचीमा देखाइएको छ।

**तालिका नं. : ४ उत्तरदातारूको खेत माथिको स्वामित्वको अवस्था**

| क्र.स | खेत ( रोपनीमा ) | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ५ रोपनी भन्दा कम | २६ | ३४.६६ |
| २. | ५ रोपनी देखी १० रोपनी सम्म | १७ | २२.६६ |
| ३. | १० रोपनी देखी २५ रोपनी सम्म | १३ | १७.३३ |
| ४. | २५ रोपनी भन्दा माथी | १९ | २५.३३ |
| | जम्मा | ७५ | १००.०० |

स्रोत : घरधुरी सर्वेक्षण र लालपुर्जाको अभिलेख अनुसार, २०७५ ।

पर्वत जिल्लाको पोखराचौरमा करिब ६ पुस्ता अगाडी तानसेनको भुसाल डाँडाबाट बसाई- सराँई गरी आएका भुसालहरूको मुख्य पेशा कृषि भएको पाइन्छ । हाल भुसालहरू बसोबास गरीरहेको स्थान उब्जाउको दृष्टिकोणबाट अत्यन्तै उर्वरशील रहेको छ । पानीको स्थायी श्रोत भएको र व्यवस्थित कुलो निर्माण गरी स्रोतलाई परिचालन गरेको कारण बाह्रै महिना सिँचाई सुविधा पुग्न गएको पाइन्छ । पोखराचौरमा बसोबास गर्ने भुसालहरूको कृषि योग्य जमिनको हिस्सा हेर्दा प्रतिघर परिवार कम्तिमा १२ रोपनी देखी बढीमा ४५ रोपनी सम्म जग्गा जमिन रहेको छ । माथिको तथ्याङ्कलाई हेर्दा ५ रोपनी भन्दा कम खेत हुने घरधुरी २६ (३४.६६%), ५ देखी १० रोपनी सम्म १७ (२२.६६%), १० देखी २५ रोपनी सम्म हुने घरपरिवार १३ (१७.३३%) र २५ रोपनी भन्दा बढी हुने घरपरिवार १९ (२५.३३%) रहेको पाइन्छ ।

यो क्षेत्रमा बसोबास गर्ने भुसालहरूको पाखोबारी र खेत तुलनात्मक रूपमा हेर्दा बराबर नै रहेको छ । ५ रोपनी भन्दा कम खेत हुने तर परिवार सङ्ख्या बढी हुने परिवारहरूले धेरै खेत भएको परिवारको खेत ठेक, अँधिया र बन्धकीको रूपमा लिएर खेती गर्दै आईरेहेको पाइन्छ । यसले गर्दा खेत बाँझो नरहने र दुवै परिवारको आवश्यकता पनि पुरा भईरहेको छ । पोखराचौरमा बसोबास गर्ने भुसाल परिवारको स्वामित्वमा रहेको पाखोको विवरण तलको अनुसुचीमा देखाइएको छ ।

**तालिका नं. : ५ उत्तरदाताारूको स्वामित्वमा रहेको पाखोको विवरण**

| क.स | पाखो ( रोपनीमा ) | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पाखो कत्ती पनि नहुने | १२ | १६ |
| २. | ५ रोपनी भन्दा कम | १६ | २१.३३ |
| ३. | ५ रोपनी देखी १० रोपनी सम्म | २१ | २८ |
| ४. | १० रोपनी देखी २५ रोपनी सम्म | १४ | १८.६६ |
| ५. | २५ रोपनी भन्दा माथी | १२ | १६ |
| | जम्मा | ७५ | १००.०० |

स्रोत : घरधुरी सर्वेक्षण, लालपुर्जाको अभिलेख र प्राप्त जानकारी अनुसार, २०७५

यहाँका भुसालहरूले लगाउने मुख्य बालीहरूमा धान, मकै र कोदो पर्दछ भने केही मात्रामा गहुँ बाली पनि लगाउने गरीएको छ। नगदेवालीमा आलु, विभिन्न किसिमका मौसमी तथा बेमौसमी तरकारी, तेलहन र विभिन्न फलफलु खेती पनि यहाँका भुसालहरूले गर्दै आईरहेका छन् ।

पोखराचौरमा बसोबास गर्ने भुसालहरूको मुख्य पेशा व्यवसाय कृषि भएता पनि युवा जनशक्ति विदेश पलायन, आधुनीक पुस्तामा कृषि पेशा प्रति अभिरुची नदेखीनु, परम्परागत खेती प्रणाली, निर्वाहमुखी खेती प्रणाली आदि ले गर्दा कृषि व्यवसायलाई व्यवसायीक रूपमा विकास गर्न सकिएको छैन। त्यसैले कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजनमा आत्मनिर्भर हुनको लागि निर्वाहमुखी कृषि प्रणालीलाई नाफामुलक, दिगो एवम् व्यवस्षपक कृषि प्रणालीमा रूपान्तरण गर्नु आवश्क छ।

### ६.२.२ पशुपालन

नेपालको सर्न्दभमा हेर्दा कृषि र पशुपालन व्यवसाय एक अर्काका परिपुरकका रूपमा रहेको देखिन्छ। पशुपालन र कृषि व्यवसाय मध्ये कुनै एकको अभावमा अर्को व्यवसाय अपुर्ण वा अधुरो रहन्छ। मानिसको आम्दानीको दोश्रो मुख्य स्रोत पशुपालन व्यवसाय नै थियो ।

गाई र भैंसी दूध र दूधजन्य पदार्थको लागी, गोरु खेतबारी जोत्नको लागि र बाखा, खसी, बोका र कुखुरा मासुको लागि आवश्यकता पर्दछ। हाल प्राय घरहरूमा गोरु पाल्न छाडी सकेका छन् भने गोरुको सट्टामा हाते ट्याक्टरको प्रयोग दिन प्रतिदिन बढ्दै

गईरहेको छ। विगतमा केवल आफनो न्युनतम आवश्यकता परिपुर्तिको गर्नको लागि मात्र गाई - भैँसी पाल्ने गरेको पाईयता पनि आजभोली व्यवसायिक रूपमा दुध बिक्री गरी आयआर्जन गर्नको लागि समेत पशुपालन गर्न थालिएको छ। दुग्ध सहकारी संस्था समेत खोली पशुपालनलाई व्यवसायको रूपमा अँगाल्न समेत थालेका छन्। केही कृषकहरूले कुखुरापालन व्यवसाय समेत अँगालेको देखीन्छ। पोखराचौरमा बसोबास गर्ने भुसाल परिवारले अपनाएको पशुपालन व्यवसायको विवरण देखाइएको छ।

**तालिका नं. : ६ उत्तरदातारूको पशुपालन व्यवसायको विवरण**

| क्र.स | विवरण | घरधुरी सङ्ख्या |
|---|---|---|
| १. | भैँसी पालन ( व्यवसायीक रूपमा पालन गरी दुध डेरीमा बेच्ने) | ७ |
| २. | भैसी र गाई पालन गर्ने परिवारको सङ्ख्या | ४ |
| ३. | १ हल गोरु पाल्ने परिवारको सङ्ख्या | ५ |
| ४. | एउटा मात्र गोरु पाल्ने परिवारको सङ्ख्या | १० |
| ५. | व्यवसायिक कुखुरा पालन गर्ने परिवारको सङ्ख्या | ५ |
| ६. | व्यवसायिक बाखा पालन गर्ने परिवारको सङ्ख्या | ४ |
| ७. | व्यवसायिक रूपमा कुखुरा र बाखा दुवै पालन गर्ने परिवारको सङ्ख्या | २ |

स्रोत : घरधुरी सर्वेक्षण र लालपुर्जाको अभिलेख अनुसार, २०७५।

व्यवसायीक रूपमा भैसीपालन गरी दुध डेरीमा बेच्ने परिवारले मासिक रूपमा ३० देखी ३५ हजार सम्म आम्दनी गर्ने सफल भएका छन्। केही परिवारहरूले व्यवसायीक रूपमा भैँसी र गाई दुवै पालन गरेको पाइन्छ। १ हल गोरु पाल्ने परिवारको सङ्ख्या ५ रहेको छ भने १ वटा मात्र गोरु पाल्ने परिवारको सङ्ख्या १० रहेको छ। व्यवासीयक रूपमा कुखुरा र बाखापालन गर्ने परिवारहरू पनि यो व्यवसायबाट मनग्य आम्दनी गर्न सफल रहेका छन्। उनीहरूले आफ्नो न्युनतम आवश्यकता पुरा गरी बचत गर्न सफल भएका छन्।

### ६.२.३ व्यापार -व्यवसाय

यदि एउटा देशबाट अर्को देशबाट वस्तु तथा सेवाहरूको निर्यात गरिन्छ भने त्यसलाई निर्यात व्यापार र अन्य देशहरूबाट देशमा वस्तु तथा सेवाहरूको आयात गरिन्छ भने त्यसलाई आयात व्यापार भनिन्छ। पोखराचौरमा बसोबास गर्ने भुसालहरूको बार्षिक आयमा आधारमा घरपरिवारको सङ्ख्यात्मक विवरण तलको अनुसुचीमा देखाइएको छ।

**तालिका नं. :७ उत्तरदाताहरूको बार्षिक आयका विवरण**

| क्र.स | बार्षिक आय | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | न्युनतम ५० हजार सम्म | ५ | ६.६६ |
| २. | ५० हजार देखी १ लाख सम्म | ११ | १४.६६ |
| ३. | १ लाख देखी ३ लाख सम्म | १७ | २२.६६ |
| ४. | ३ लाख देखी ५ लाख सम्म | २४ | ३२ |
| ५. | ५ लाख देखी १० लाख सम्म | १० | १३.१५ |
| ६. | १०लाख देखी माथि | ८ | १०.६६ |
| | जम्मा | ७५ | १००.०० |

स्रोत : स्थतलगत सर्वेक्षण, २०७५

माथिको तालिकालाई हेर्दा बार्षिक न्युनतम ५० हजार सम्म आम्दानी गर्ने घरपरिवारको सङ्ख्या ५(६.६६%), ५० हजार देखी १ लाख आम्दानी गर्ने घरपरिवारको सङ्ख्या ११(१४.६६%), १ लाख देखी ३ लाख सम्म १७ (२२.६६%), ३ लाख देखी ५ लाख सम्म २४(३२%), ५ लाख देखी १० लाख सम्म १० (१३.१५%) र १० लाख देखी माथि आम्दानी गर्ने घर परिवारको सङ्ख्या ८(१०.६६%) रहेको छ।

पोखराचौरमा बसोबास गर्ने भुसालहरूले व्यापार व्यवसायलाई आफ्नो पेशाको रूपमा अँगालेको खासै पाँईदैन। पोखराचौर मा बसोबास गर्ने रसामान्य किराना पसल सञ्चालन गरीरहका छन् भने पोखराचौर बाट बसाँईसराई गरी अन्यत्र स्थानमा गएका केही परिवारहरू पनि व्यापार व्यावसायमा संल्गन भएको पाईएको छैन। पोखराचौरका केही भुसालहरूले कुश्मा, पोखरा, चितवन लगायतका शहरहरूमा फेन्सी पसल र होटल व्यवसाय सञ्चालन गरेका छन्।

समयको परिर्वन सँगै वर्तमान समयमा युवा पुस्ताहरूमा व्यापार व्यवसायमा चासो र संलग्नता बढ्दै गएको पाइन्छ। उनीहरूले परम्परागत व्यापारका भन्दा विभिन्न

सिपमुलक तालिमहरू लिएर सिलाई कटाई व्यवसाय, विजुली पसल, मोवाई, टि.भी मर्मत तथा व्यापार जस्ता व्यवसायहरूसञ्चालन गर्दै आईरहेका छन् । विगतका समयमा व्यापार व्यवसायमा खासै संलग्नता नभएको भुसालहरू हाल पुस्तान्तरण सँगै विभिन्न व्यापार व्यवसायमा संलग्न भएको पाइन्छ ।

### ६.२.४ सरकारी सेवा

भुसालजातिहरू विभिन्न सरकारी पेशामा आवद्ध रहेको पाइन्छ। पोखराचौरमा बसोबास गर्ने भुसालहरूको सरकारी पेशामा आवद्धतालाई तलको अनुसुचीमा देखाइएको छ ।

**तालिका नं. : ८ सरकारी रोजगारीको वर्तमान अवस्था**

| क.सं. | रोजगारीको क्षेत्र | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | निजामति | ९ | ३ | १२ |
| २. | बिश्वविद्यालय / क्याम्पस | ३ | - | ३ |
| ३. | बिद्यालय | ६ | २ | ८ |
| ४. | नेपाल प्रहरी | ५ | - | ५ |
| ५. | नेपाली सेना | ४ | - | ४ |
| **जम्मा** | | **२७** | **५** | **३२** |

स्रोत : स्थलतगत सर्वेक्षण , २०७५ ।

माथिको तालिकालाई विश्लेषण गर्दा निजामती सेवामा आवद्ध पुरुष र महिलाको सङ्ख्या क्रमश ९ र ३ रहेको देखिन्छ। निजामती सेवामा आवद्धतालाई हेर्दा महिला भन्दा पुरुषको सङ्ख्या बढी देखिन्छ। बिश्वविद्यालय तथा क्याम्पस तहमा अध्यापन गराउनेको सङ्ख्या ३ रहेको छ भने माध्यामिक तह सम्म अध्यापन गराउनेको सङ्ख्या ८ रहेको छ। नेपाल प्रहरीमा ५ जना र नेपाली सेनामा ४ जनाको सहभागीता रहेको छ। यसरी समग्र रूपमा हेर्दा २७ पुरुष र ५ महिला गरी ३२ जनाको सरकारी सेवामा संलग्नता रहेको पाइन्छ ।

### ६.२.५वैदेशिक रोजगार

रोजगार, आर्थिक अवसर, गरिवि निवारण, विप्रेषण र राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानका दृष्टिकोणले वैदेशिक रोजगरा ज्यादै महत्वपूर्ण क्षेत्रको रूपमा रहेको छ। पोखराचौरमा बसोबास गर्ने भुसालहरूको बैदेशिक रोगारको स्थितलाई निम्नानुसारको तालिकामा देखाइएको छ।

**तालिका नं. : ९ उत्तरदातारूको देशगत वैदेशिक रोजगारीको स्थिति**

| क्र.सं. | देश | पुरुष | महिला | जम्मा सङ्ख्या |
|---|---|---|---|---|
| १. | अमेरिका | ६ | ४ | १० |
| २. | अष्ट्रेलिया | १ | १ | २ |
| ३. | जापान | ४ | २ | ६ |
| ४. | पोर्चुगल | २ | - | २ |
| ५. | साउदी अरब | ५ | - | ५ |
| ६. | कतार | ४ | - | ४ |
| ७. | दक्षिण कोरीया | ५ | - | ५ |
| ८. | मलेसिया | ३ | - | ३ |
| ८. | यु.ए.ई | ५ | - | ५ |
| ९. | कुबेत | ४ | - | ४ |
| | **जम्मा सङ्ख्या** | ३९ | ७ | ४६ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७५

अध्ययन क्षेत्रमा ३९ पुरुष र ७ महिला गरी ४६ जना वैदेशीक रोजगारको लागि अमेरीका, युरोप, खाडी तथा एशियका विभिन्न राष्ट्रमा गएको पाइन्छ। माथिको तथ्याङ्कलाई हेर्दा पोखराचौरबाट सबैभन्दा बढी वैदेशिक रोजगारमा गएको देश अमेरिकालाई देखाउँछ। यसको मुख्य कारण भनेको अमेरीकाले अवलम्बन गरेको डाइभर्सटी भिसा (डि.भि) निति हो। दोश्रो स्थानमा रहेको देश जापान हो। जापानमा र अष्ट्रेलियामा विशेष गरी युवाहरू बिद्यार्थी भिसामा गएको पाइन्छ। अन्य देशहरूमा युवाहरूश्रमयुक्त रोजगारीको गएको पाइन्छ। श्रमयुक्त रोजगारीको लागि गएका युवाहरू बढीमा १० बर्ष सम्म बैदेशिक रोजगारी बस्ने गरेको पाइन्छ।

### ६.२.६उद्यम/शिल्प

परिश्रममा विश्वास गर्ने यो वंशको मुख्य विशेषता हो। आफ्नो आवश्यकता परिपुर्ति गर्न र रुपियाँ पैसाको जोहो गर्न परम्परागत उद्यम व्यवसायहरू यो जातिले विगतमा समयमा सञ्चालन गरेको देखिन्छ। यसले के देखाउँछ भने भुसालहरू सालको काठबाट तेल पेल्नको लागि आवश्यक पर्ने कोल बनाउन सिपालु थिए। बाँस तथा निगालाका चोयाबाट डालो, थुन्से, मान्द्रो, भकारी, डोका, नाङ्ला आदि र बाबियाको प्रयोग गरी डोरी, दाम्ला, आदि समेत बनाउने गरेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन्छ। विभिन्न प्रकारका काठबाट कृषि उत्पादनका लागि आवश्यक पर्ने औजार जस्तै : हलो, जुवा, लिड्को बनाउनमा पनि यो वंशका केही भुसालहरू पोख्त नै भएको तथ्य छ ( हाल सम्म पनि विष्णु प्रसाद भुसाल, कृष्ण प्रसाद भुसालले यो कार्यलाई निरन्तरता दिईरहेका पाइन्छ )। यसले गर्दा भुसाल वंशहरूलाई कृषि कार्यको लागि आवश्यक पर्ने औजारको अभावलाई पुर्ति गरिरहेको छ। काठका विभिन्नसामाहरू ब्नाउन, घरको गारो लगाउन, गारोमा सिमेन्ट लगाउन, विभिन्न किसिमका फर्निचनहरू बनाउन लगायताका कायहरूमा भुसालहरू सिपालु भएको पाइन्छ।

उल्लेखित विवरणको आधारमा पोखराचौरमा बसोबास गर्ने भुसालहरू ठूलाठूला खालका उद्यमी नभएता पनि परम्परागत ढङ्गका उद्यम व्यावसाय सञ्चालन गरेका र यस प्रति सकरात्मक सौँच राख्छन् भन्ने स्पष्ट हुन्छ।

### ६.३ आर्थिक संमृद्धिमा महिलाको भूमिका र भुसालजातिमा महिलाको अवस्था

पोखराचौरमा बसोबास गर्ने भुसालहरूको ७५ घरधुरीमा रहेको कुल जनसङ्ख्या ४२५ मा महिलाको जनसङ्ख्या २१७ रहेको छ भने पुरुषको जनसङ्ख्या २०८ रहेको छ। महिला घरमुली रहेको घरधुरी १३ वटा रहेको छ। महिलाको जनसङ्ख्या बढी भएतापनि उनीहरूको सामाजिक, आर्थिक, राजनितिक धार्मिक क्षेत्रमा पुरुषको तुलनामा मलिाको अवस्था कमजोर रहेको छ। तुलनात्मक रूपमा पहिलेको अवस्थामा भन्दा हाल भुसाल वंशहरूमा समग्र रूपमा महिलाहरूको अवस्था सकरात्मक परिर्वतन आएको छ। घर परिवारको सम्पुर्ण कार्यहरू महिलाले गर्ने र पुरुषहरू बाहिरको काम गर्ने पुरातनवादी सौँच र व्यवहारमा समेत परिर्वतन आएको छ। पुरुषहरू पनि घरको कार्यमा सघाउने र महिलाहरू पनि घरबाहिरका आयआर्जनका क्रियकलापहरूमा संलग्न हुन थालेको पाइन्छ।

भुसाल वंशका महिलाहरू शिक्षाको दृष्टिकोणबाट पनि राम्रो अवस्थामा रहेका छन् । वर्तमान अवस्थामा सम्पत्ति एवं अवसरहरूको पहुँचको हिसाबले हर्दा लगभग समान नै देखिएको छ । भुसाल वंशका महिलाहरूको औपचारिक शिक्षा प्राप्तिको अवस्थालाई हेर्दा १३ जना स्नातोकोत्तर, १७ जना स्नातक तहको शिक्षा हासिल गरेको छन भने शिक्षा आर्जन गर्ने उमेरका अधिकांश महिलाहरू दशजोड दुई र एस.एल.सी सम्म अध्ययन गरेका छन् । रोजगारीको दृष्टिकोणले पनि भुसाल वंशका महिलाहरूको अवस्था पनि राम्रो रहेको छ । २ जना महिलाहरू स्वास्थ्य चौकीमा अनमीको रूपमा शंकरपोखरी स्वास्थ्यचौकीमा कार्यरत रहेका छन भने यसका साथै ८ जना महिलाहरू ग्रामिया महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा कार्यरत रहेको छन । रोजगारीको सन्दर्भमा ३ जना महिलाहरू निजामति सेवामा ( ना.सु ), ८ जना महिलाहरू माध्यामिक तह सम्मको अध्यापन पेशामा, ७ जना महिलाहरू विभिन्न गैहसरकारी संघसस्थाहरू मा कार्यरत रहेको अवस्था छ । यसका साथै ग्रामिण भेगमा रहेको महिलाहरू पनि कुनै न कुनै किसिमको आयआर्जनका पेशामा संल्गान रहेको अवस्था छ । विशेषत, महिलाहरू सिलाईकटाई, आधुनिक तरकारी खेती, बाखापालन, कुखुरापालन आदि व्यवसायमा संलग्न गरी प्रत्यक्ष रूपमा आयआर्जन गर्न सफल भएका छन् ।

महिलाहरू संगठनको अवस्थाका कुरा गर्दा सिर्जनशील आय आर्जन आमा समुह स्थापना भएको छन् । विं.स २०६९ सालमा स्थापना भएको कालिका महिला समुहको स्वामित्वमा ३ लाख ८० हजार रकम सङ्कलन भएको छ । यसरी सङ्कलन भएको रकम समूहका सदस्यहरूको आयआर्जनको क्रियकलापहरूसञ्चालन गर्नको लागि परिचालन गर्ने गरीन्छ । समुहका यसका साथै महिला समुहले समुदायमा समस्या तथा विकृतिहरू जस्तैः जाँडरक्सी नियन्त्रण, महिला हिँसा न्युनिकरण लागि पनि उल्लेख्य भुमिका खेलेको छ । वडा कार्यलयमा बजेटको माग गरी महिलाअधिका, महिला हिँसा, नेतृत्व विकास र बचत तथा ऋृण परिचालन सम्बन्धि तालिमा सञ्चालन गर्न समेत सफल भएका छन् ।

यसरी कृषि र पशुपालन बाट भएको आम्दानीको माध्यम द्धारा केही परिवारहरूले आफ्नो सन्ततिलाई उच्च शिक्षामा लगानी गर्नुको साथै तराई क्षेत्र (उनीहरूको बझाईमा हालको चितवन, नवलपरासी, जिल्लाको विभिन्न स्थानहरू ) जग्गा समेत खरिद गरेको स्थानिय शुक्रराज भुसालले जानकारी दिनु भयो । परम्परागत खेतीपाती गर्नको लागि प्रयोग गरीएको जमिन मध्ये हाल २० % जमिन बाँझो रहेको छ ।

भुसाल जातिहरूले परम्परागत रूपमा कृषि पेशा सञ्चालन परेली र पर्म प्रथामा आधारीत रहेको थियो। यस्ता प्रथाहरूलाई सहगोगको रूपमा हेर्ने गरिन्थ्यो, जसले सामाजिक सम्बन्धलाई प्रगाढ बनाउन सहयोग गर्दथ्यो। घरबाट टाढा रहेका खेतबारीको लागि गोठ सार्ने प्रचलन रहेको थियो। जसले गर्दा उर्वरताको लागि आवश्यक मलको व्यवस्थापन गर्न सजिलै सकिने र उक्त स्थानको घाँसपात पनि सजिलै उपयोग गर्न सकिन्छ। यस प्रकारको कार्यमा पुरुषहरूको संलग्नता रहने गर्दथ्यो। खेतीबाली लगाउने समय सँगै यस प्रकारको कार्यमा परिर्वतन आउने गर्दछ।

वि.स २०४६ सालको सामाजिक, राजनीतिक परिर्वतन पछि विभिन्न अवसरहरू सृजना भएकोले विशेष गरेर युवा वर्गहरू विभिन्न वैकल्पिक पेशामा आवद्धता बढ्नुको साथै रोजगारीको लागि प्रदेश र विदेश जाने प्रचलनको सुरुवात भयो।

मुख्य पेशा व्यवसाय कृषि भएता पनि युवा जनशक्ति विदेश पलायन, आधुनीक पुस्तामा कृषि पेशा प्रति अभिरुची नदेखीनु, परम्परागत खेती प्रणाली, निर्वाहमुखी खेती प्रणाली आदि ले गर्दा कृषि व्यवसायलाई व्यवसायीक रूपमा विकास गर्न सकिएको छैन।


युवाहरू उच्च शिक्षा वा रोजगारीको शिलशिलामा बाहिरीने र ग्रामिण भेगमा बृद्धबृद्धा र महिलामात्र रहेको कारण पनि कृषि पेशालाई निरन्तरता दिन चुनौति बनेको छ। मानिसले कृषि आफ्नो नजिकको घरबारीमा मात्र गर्ने गरेको पाइन्छ। भौगोलिक रूपमा टाढा रहेको खेतबारीहरू प्राय बाँझै रहेको पाइन्छ।

### ६.४ परम्परागत पेशामा संलग्नता र निरन्तरताको अवस्था

भूसाल जातिहरूको परम्परागत पेशा कृषि र पुशपालन नै हो। यो जाति बसाँईसरेर आएपछि नै यो पेशा अँगालेको पाइन्छ। केही परिवारले सहायक पेशाको रूपमा अन्य पण्डित्याई र शिक्षण पेशा पनि अँगालेको पाइन्छ, तर अधिकांश परिवारको मुख्य पेशा भने कृषि नै हो। प्रति घर परिवार न्युनतम ९ रोपनी देखि अधिकतम ४५ रोपनी सम्म जमिन रहेको कुरा सम्बन्धित परिवारसँगको लालपुर्जाको अभिलेख देखाएको छ। यस बाहेक पाखोबारी पनि भुसाल परिवारको स्वामित्वमा रहेको देखिन्छ। यहाँ बसोबास गर्ने भुसालको स्वामित्वमा प्राय : अबल खेत नै रहेको स्थलगत सर्वेक्षणले देखाउँछ। कुल घरपरिवार मध्ये सबैभन्दा बढी ३४.६६ प्रतिशत घरपरिवारको स्वामित्वमा ५ रोपनी भन्दा कम जग्गा रहेको देखिन्छ भने १७.३३ घरपरिवारको स्वामित्वमा १० रोपनी देखी २५ रोपनी जग्गा जमिन

रहन गएको छ। मुख्य पेशा व्यवसाय कृषि भएता पनि युवा जनशक्ति विदेश पलायन, आधुनीक पुस्तामा कृषि पेशा प्रति अभिरुची नदेखीनु, परम्परागत खेती प्रणाली, निर्वाहमुखी खेती प्रणाली आदि ले गर्दा कृषि व्यवसायलाई व्यवसायीक रूपमा विकास गर्न सकिएको छैन। समाजमा रहेको युवाहरू विभिन्न पेशामा संलग्न हुने, प्रायजसो युवाहरू वैदेशिक रोजगारमा जाने क्रम बढेकोले कृषि पेशामा लाग्ने जनशक्तिको अभाव सँगै हाल कृषि योग्य भूमि बाँझै रहने अवस्था विद्यमान रहेको छ। अध्ययन क्षेत्रमा विगतको दशबर्ष भित्र आफ्नो परम्परागत मुख्य पेशा (कृषि र पशुपालन) अवलम्वन गर्ने परिवारको सङ्ख्या तालिका नं. १० मा देखाइएको छ।

**तालिका नं. १० पछिल्लो दशकमा कृषि र पशुपालन व्यवसाय अँगाल्ने परिवारहरू**




प्रस्तुत अनुसूचीमा अध्ययन क्षेत्रमा पछिल्लो दशबर्षमा परम्परागत पेशामा संलग्न रहेका परिवारहरूको सङ्ख्या देखाइएको छ। जस अनुसार पहिलो बषर्मा ६७, अनि क्रमश ७५, ७५, ७३, ७०, ६३, ६०, ५७, ५१ र ४५ रहेको छ। । सामाजिक र राजनीतिक परिर्वतन सँगै आधुनिक प्रविधि, ज्ञान र सीपको प्रयोगबाट आधुनिक कृषि अवलम्बन गर्न नस्कनु, युवा जनशक्ति विदेश पलायन, आधुनीक पुस्तामा कृषि पेशा प्रति अभिरुची नदेखीनु, परम्परागत खेती प्रणाली, निर्वाहमुखी खेती प्रणाली आदि ले गर्दा कृषि व्यवसायलाई व्यवसायीक रूपमा विकास गर्न सकिएको छैन। जसले गर्दा कृषि पेशमा संल्गन परिवारको सङ्ख्या क्रमश घट्दै गईरहेको छ।

# अध्याय : सात

# भुसाल जातिको परम्परागत पेशामा परिर्वतन

## ७.१. बैकल्पिक (फरक) पेशामा आवद्धताको अवस्था

मनिसहरूको सामाजिक, साँस्कृतिक मूल्यमान्यताले केहीहद सम्म उनीहरूको पेशा निर्धारण गर्ने गर्दछ। भूसाल ब्राह्मण जातिको भएकोले उनीहरूले आफ्नो पेशा कृषि र पशुपालन हो भन्ने ठान्थे।

परम्परागत कृषि पेशाको निरन्तरताको लागि आवश्यक जनशक्तिको लागि पनि धेरै सन्तान जन्माउने प्रचलन रहेको थियो। पहिले एक परिवारमा कम्तिमा पाँच वा सो भन्दा माथी सन्तति जन्माउने प्रचलन रहेको थियो। शहर आएपछि उच्च शिक्षा हासिल गर्ने र जागिर, व्यपार व्यवसाय गर्ने र गाउँमा नर्फकने प्रचलन बढेको कारण आगामी दिनहरूमा यो पेशा संकटमा रहेको सहजै अनुमान गर्न सकिन्छ। अन्य युवाहरू रोगजारीको लागि विदेश पलायन हुने क्रम बढेसँगै हालका पुस्ताहरूले कृषि पेशालाई त्यती महत्व दिएको पाईदैन। श्रीमन शहरमा रोजगारीमा भएपछि उसको परिवार पनि शहरमा बस्ने र श्रीमान विदेशमा गएपछि श्रीमति बालकालिकाको शिक्षाको लागि सदरमुकाम कुश्मा, पोखरा र काठमाण्डौ झर्ने प्रचलन पनि बढेको पाइन्छ। हालका कृषि योग्य ठाउँहरू तथा घरवरिपरि फलफुल र घाँसपातको बोट लगाउने प्रचलन बढेको छ भने केही दुरी टाढाको खेतीयोग्य जमिन बाँझै रहेको अवस्था छ।

कुनै समयमा प्रत्येकको घरमा एकहल गोरु हुन्थे, खेतीबालीको समयमा फाँटभरि कम्तिमा १५/२० हल गोरु हुन्थे, खेतीबाली लगाउन सजिलो थियो। हाल करिब ७ घरपरिवारले मात्र गोरु पालेको छन्। जसले गर्दा खेतीबालीको समयमा पालोकुर्नु पर्ने बाध्यता रहेको स्थानिय बिष्णु प्रसाद भुसालले बताउनु हुन्छ। छ। केही घरपरिवारले हाते ट्याक्टर समेत प्रयोग गरिरहेका छन्। यसरी घरपरिवारमा खेतीवालीको लागि आवश्यक जनशक्ति र साधन नभएको र यसको लागि बाह्य रूपमा भरपर्नु पर्ने, आफ्नो अनुकुल समयमा नपाईने, खेतीवालीको लागि लागेको लागत भन्दा उब्जाउ पनि क्रमश कमहुँदै गएकोले कृषि पेशा पनि मानिसहरूको आर्कषण घट्दै गएको पाईन्छ। खेतीबाली लगाई सकेपछि त्यसपछिको त्यसको निरन्तर रेखदेख गर्ने परिवारको सदस्य नहुनु पनि यस पेशाप्रतिको विकर्षण मुख्य कारण हो। पुरानो पुस्ताको क्रियाशिलता कमजोर हुनु र नयाँ

पुस्ता विभिन्न वैकल्पिक पेशामा आवद्धता भएको कारण यो पेशा संकटमा रहेको पाइन्छ। दैनिक जिवनयापनको लागि आश्यक खाद्यान्न र अन्य कुराहरू पनि बजारमा सुलभ मूल्यमा प्राप्त गर्नु सकिने भएकोले पनि यो अवस्था आईपरेको हो ।

विगत समय देखि नै पोखराचौरमा बसोबास गर्ने भुसालहरूले सरकारी रोजगारीले उच्च प्राथमिकता दिँदै आएको पाइन्छ। हालको पुस्ताहरूमा पनि सरकारी सेवाप्रतिको मोहमा कमी भएको पाईदैन। सरकारी सेवा अर्न्तगत शिक्षक, निजामित सेवा, विभिन्न संस्थानहरूको साथै नेपाल प्रहरी र सेनामा पनि सहभागीता रहेको छ। हाल पोखराचौरमा नेपाल सरकारको प्रथम श्रेणी, द्वितिय श्रेणी, तृतिय श्रेणी गरी १२ जना सरकारी सेवामा कार्यरत रहेका छन् भने ३ जना व्यक्तिहरू सेवा निवृत भएका छन्। भुसाल वंशमा पुरुषको तुलनामा महिला जनसङ्ख्या बढि भएता पनि रोजगारीमा महिला सहभागीता भने न्यून देखिएको छ। वर्तमान अवस्थामासरकारी तथा गैह्रसरकारी क्षेत्रहरूमा आवद्ध महिलाहरूको सङ्ख्यामाक्रमशः वृद्धि हुँदै गईरहेको छ ।

पोखराचौरमा बसोबास गर्ने ४२५ जना मध्ये ६३ जना अमेरिका, अष्ट्रेलिया, जापान, पोर्चुगल, दक्षिण कोरीया, कतार, मलेसिया, साउदी अरब, यु.ए.ई., कुबेत (भारत बाहेक) का मुलुकहरूमा रोजगारीको लागि गएका छन्। विगत भन्दा वैदेशिक रोजगारीमा जानेको सङ्ख्यामा निरन्तर रूपमा वृद्धि भईरहेको छ। भारतमा रोजगारीमा जाने व्यत्तिको सङ्ख्या करिब ४७ रहेको छ। भारतीय सेनामा भर्ती भई काम गर्नेको सङ्ख्या १ रहेको छन्।

केही व्यक्तिहरूले वैदेशिक रोजगारबाट सिकेको शिप र कला अनुसारकै व्यवसाय सञ्चालन गरीरहेका छन्। कृषि, पुशपालन, व्यापार- व्यवसाय, ज्योतिष र कर्मकाण्ड, उद्यम, शिल्प, सरकारी तथा वैदेशिक रोजगारीका अतिरिक्त पोखराचौरका भुसालहरूले अन्य पेशाहरू पनि अवलम्बन गरेको तथ्य अन्ययनले देखाएको छ। अन्य पेशामा राजनीति र समाजसेवा पर्दछन्।

### ७.२ फरक पेशा अपनाउनुको कारण

पोखराचौरका भूसाल जातिमा गरिएको अध्ययनबाट के देखिन्छ भने पहिलेको तुलनामा कममात्र घरपरिवार आफ्नो परम्परागत पेशामा आवद्ध भएको देखिन्छ। बिशेष गरी युवा जनशक्ति ग्रामिण भेगबाट पलायन हुनु र उनीहरूले यो पेशा अबलम्बन गर्न नचाहानु नै मुख्य कारण हो। अध्ययनको क्रममा बढी युवाहरूले धेरै श्रम गर्नु पर्ने , बढी

समय दिनु पर्ने तर लगानी गरेको श्रम र समय अनुसार उब्जाउ नहुने कारण ले गर्दा नै यो पेशामा गर्न नचाहाने बताउँछन् । पोखराचौरमा बसोबास गर्ने भुसालहरूले ४० घरपरिवारले पेशा परिर्वतन गरको पाइन्छ । अध्ययनको क्रममा पेशा परिर्वतन गर्नुको मुख्य कारण बारे छलफल गर्दा निम्नानुसारको अभिव्यक्ति पाईएको छ ।

**तालिका नं. : ११ पेशा परिर्वतन गर्न अभिप्रेरित गर्ने मुख्य तत्वहरू**

| **विचार** | **घरपरिवार सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| बढी आम्दानी गर्न | १७ | ४२.५ |
| सामाजिक प्रतिष्ठा बढाउनु | १० | २५ |
| अहिले भन्दा बढी बचत गर्न | १३ | ३२.५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७६

माथि उल्लेखित तालिकामा भूसाल जातिका घरधुरीमा फरक पेशा अवलम्बन गर्नको लागि दवाव पार्ने तत्वहरूको बारेमा उल्लेख गरिएको छ । जस मध्ये सबै भन्दा बढी १७ वा (४२.५%) घरपरिवार बढी आम्दानी गर्न, १० वा (२५%) घरपरिवासामाजिक प्रतिष्ठा बढाउन र अहिले भन्दा बढी बचत गर्नको लागि १३ घरपरिवार वा (३२.५%) परिवराहरूले पेशा परिर्वतन गरेका छन् ।

केही युवाहरू परम्परागत निर्वाहमुखी कृषि भन्दा आधुनीक कृषि प्रणाली र नगदेबाली जस्तै : तरकारी खेती, टनेलमा टमाटरखेती, सुन्तला, कफी, लप्सी र व्यवसायीक कुखुरा र बाखापालन व्यवस्यामा लागेको पाइन्छ । यस प्रकारको नगदेबालिमा परम्परागत कृषि प्रणाली जस्तो धेरै श्रम गर्नु नपर्ने, छोटो र छिटो समयमा नगद आर्जन गर्न सक्नु नै मुख्य कारण हो । साथै उत्पादन गरिएको सामानहरू सहज रूपमा बिक्रि हुने र बजार सम्मको पहुँच पनि सहज भएकोले केही युवाहरू यस प्रकारको व्यवसायमा आर्कषित भएको पाइन्छ । केही युवाहरूले कृषि पेशाबाट पनि सजिलै आम्दानी गर्न सकिन्छ, आयआर्जनको लागि वैदेशीक रोजगारीमा जानु नपर्ने उदाहरणको रूपमा आँफुलाई प्रस्तुत गरेका छन् । यस मध्ये केही युवाहरू वैदेशीक रोजगारबाट फर्किसकेपछि पनि यो व्यवसाय गरेका छन् ।

हाल कृषि पेशा पनि एक व्यवसायीक पेशा भएकोले यसलाई आधुनीक प्रविधि, ज्ञान र व्यवसायीक तवर बाट गर्न सकेमा आम्दानीको साथै सामाजिक प्रतिष्ठाकायम हुने देखिन्छ ।

### ७.३ फरक पेशा अबलम्बन गर्नुको कारक तत्व

अध्ययन क्षेत्र पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं. ३ मा बसोवास गर्ने भूसाल जातिहरूले फरक पेशा अवलम्बन गर्न थालेको अध्ययनले देखाउँछ । समुदायमा शिक्षिक युवाहरू सरकारी जागीर, शिक्षण पेशा, व्यापार व्यवसाय, वैदेशिक रोजगारी तथा सहरतिर बसाँईसराई सर्न थालेको तथा गैह्रकृषि पेशा तर्फ आकृषित भएको पाइन्छ । अध्ययन क्षेत्रका जानिफकारहरू सँगको अन्तर्वार्तामा युवावर्गहरूमा यो पेशा प्रति खासै रुचिभएको पाईदैन । युवाहरू जागीर, वैदेशीक रोजगार र अन्य बैकल्पिक पेशामा आवद्धता रहेकोले उनीहरूले यो पेशा छाड्ने गरेको बताउँछन् । कम श्रम र लागत, छिटो र छोटो समयमा आम्दानी गर्न सकिने, सामाजिक प्रतिष्ठाको लागि पनि वैकल्पिक पेशामा आलद्ध हुने गरेका छन् । यो बाहेक सामाजिक रूपमा हेर्ने दृष्टिकोणमा फरक महसुश भएकोले फरक पेर अवलम्बन गरेको बताएका थिए । केही परिवारहरूले फरक पेशा अवलम्बन बाट आम्दानीमा वृद्धि गरी बढी बचतमार्फत आफु र आफ्नो सन्ततीको भविष्यको सुख र सुनिश्चित गर्नको लागि सहयोग पुग्ने बताए । अध्ययन क्षेत्रमा भूसाल जातिहरूले परम्परागत पेशा छाडी वैकल्पिक पेशा अबलम्वन गर्ने अन्य विभिन्न तत्वहरू छन् । जसलाई निम्नानुसारको उपशिर्षकमा व्याख्या र विश्लेषण गर्न सकिन्छ ।

#### ७.३.१ सामाजिक आर्थिक तत्व

कृषि र पशुपालन पेशा भूसाल जातिहरूको मौलिक पेशा हो । सुचना र सञ्चार प्रविधिको विकास सँगै समाजमा भित्रिएको पश्चिमा संस्कृतिको प्रभावले समुदायको रहनसहन, खानपान, लवाईखवाईमा समेत प्रत्क्षय प्रभाव पर्न थाल्यो । कृषि पेशामा भन्दा कम श्रम र लागतमा धेरै आम्दानी र सुखमय जिवनको लागि मानिसले सोच्न थाल्यो । मानिसहरूलाई छिटो र छोटो समयमा आम्दानी गर्ने चाहाना बढ्न थाल्यो । यसरी कृषिमा लगानी गर्ने समय र श्रम वैकल्पिक पेशामा लगानी गर्दा तुलनात्मक आम्दानी बढी हुने हुँदा आफनो परम्परागत पेशा छाड्नेको दर तिव्र रूपमा बढ्न थाल्यो । कार्यक्षेत्रमा गरिएको अध्ययन बाट के देखिन्छ भने बढी आम्दानी र सामाजिक प्रतिष्ठाको लागि पेशा परिर्वतन

गर्ने दर ५३.३३% रहेको छ। साथै पछिल्लो पुस्ता वा युवापुस्ताहरू वैकल्पिक पेशामा लाग्दा आँफुहरूलाई हेर्ने सामाजिक दृष्टिकोण समेत फरक हुने धारणा राख्दछन्। वर्तमान समाजमा मानिसको जग्गा जमिन भन्दा पनि उसले अपनाउने पेशा, आम्दानीको स्रोत र अन्य विलासीताका वस्तुहरूले समाजमा स्तर र सामाजिक प्रतिष्ठा निर्धारण गर्ने गर्दछ। त्यसैले बढी आम्दानी गर्न, समाजमा प्रतिष्ठा कायम गर्न र समाजमा आफ्नो स्तर निर्धारण गर्ने उदेश्यले पनि पछिल्ला पुस्ताहरूले यो पेशालाई कम महत्व दिने गरेका छन्।

### ७.३.२ बाह्य तत्व

भूसाल जातिहरूले कृषि पेशालाई छाड्दै अन्य पेशा अवलम्बन गर्नुमा बाह्य तत्वहरूको भूमिका उल्लेखनीय छ। राजनीतिक परिर्वतन सँगै रोजगारीका विभिन्न विकल्पहरू उलपब्ध हुनु, सञ्चार र प्रविधिको विकास सँगै ज्ञान र सचेतनामा वृद्धि, वैदेशिक रोजगारीको लागि खुल्ला र वैदेशीक रोजगारीबाट तुलनात्मक रूपमा आम्दानी छिटो र बढी हुनु।

शहरीकरण सँगै हाल नगरपालिकामा परिणत भईसकेको पोखराचौरको जमिनको मूल्य बढेको छ। त्यसैले केही परिवारहरू जमिन बेच्ने र त्यसको पैशा अरु पेशाव्यवसायमा लगाउने चलन फस्टाएको छ। सरकारको भु-उपयोग निति अस्पष्टहुनु र भएको निति पनि प्रभावकारी रूपमा कार्यान्वय नहुनु अर्को प्रमुख कारण हो। सरकारले खेती योग्य जमिन बाँझो नराख्न प्रोत्साहन गर्नको लागि किसानको लागि स्पष्ट योजना ल्याउन सकेको छैन।

## ७.४ फरक पेशा अबलम्बन गर्दाको चुनौतिहरू

भूसाल जातिहरूको परम्परागत पेशामा आफ्नो दक्षता र विशेष शिप रहेको छ। उनीहरूले आफ्नो मौलिक ज्ञान र सिपको प्रयोग गरी आफ्नो पेशालाई निरन्तरता दिने गर्दथे। नयाँ पुस्तामा पुस्तान्तरण हुनु पर्ने यो पेशा नयाँ पुस्ताको सोँच र यस प्रतिको फरक दृष्टिकोणले उनीहरू फरक पेशामा आवद्ध भएका छन्। आफ्ना अग्रजहरूले अवलम्बन गरेको पेशा भन्दा फरक पेशामा आवद्ध हुँदा सोही प्रकृतिका चुनौतिहरू देखा पर्दछन्। फरक पेशामा आवद्ध भईसकेपछि त्यस सँग सम्बन्धित ज्ञान र सीप नहुँदा सोचअनुरूपको प्रगति हुन नसक्नु स्वभाविक नै हो।

पोखराचौरको भुसाल जातिमा सरकारी र गैह्रसरकारी निकायमा जागीर, व्यापार व्यवसाय र वैदेशिक रोजगारी मुख्य रूपमा देखिएको छ । व्यापार व्यवसाय सञ्चालन गर्दा लहैलहैमा व्यवसाय गर्दासोचे अनुरूप प्रगति नभएको पाइन्छ भने केहीले सफल रूपमा व्यापार व्यवसाय गरिरहेका छन् । वैदेशिक रोजगारीमा पनि अधिकांश व्यवसायिक तालिम, सिप र दक्षता हासिल नगरी जाँदा समस्यामा पर्ने, अंगभंग हुने र ज्यानै समेत जाने गरेको छ । केही युवाहरू वैदेशीक रोजगारबाट फर्किसकेपछि कृषि पेशालाई आधुनिक, व्यवसायीक तरिकाबाट सञ्चालन गरीरहेका छन् ।

केही युवाहरू परम्परागत निर्वाहमुखी कृषि भन्दा आधुनीक कृषि प्रणाली र नगदेबाली जस्तै : तरकारी खेती, टनेलमा टमाटरखेती, सुन्तला, कफी, लप्सी र व्यवसायीक कुखुरा र बाखापालन व्यवस्यामा लागेको पाइन्छ । यस प्रकारको नगदेबालिमा परम्परागत कृषि प्रणाली जस्तो धेरै श्रम गर्नु नपर्ने, छोटो र छिटो समयमा नगद आर्जन गर्न सक्नु नै मुख्य कारण हो । साथै उत्पादन गरिएको सामानहरू सहज रूपमा बिक्रि हुने र बजार सम्मको पहुँच पनि सहज भएकोले केही युवाहरू यस प्रकारको व्यवसायमा आर्कषित भएको पाइन्छ ।

# अध्याय : आठ

# सारंश र निष्कर्ष

## ८.१. सारंश

"भुसाल जातिको परम्परागत पेशामा आएको परिर्वतन" नामक शोधपत्र पर्वत जिल्लाको फलेवास नगरपालिका वडा नं. ३, पोखराचौरमा वसोबास गर्दै आईरहेका भुसाल जातिकोमानवशास्त्रीय दृष्टिकोणबाट गरीएको अध्ययन हो। मुख्यतया भुसाल जातिको परम्परागत पेशामा आएको परिर्वतन र यसको प्रभाव साथै यसका अवसर र चुनौतिहरूको बारेमा अध्ययन केन्द्रित गरिएको छ। यस अध्ययनमा भुसाल जातिको उत्पक्ति, पोखराचौरमा उनीहरूको बसाँईसराई, उनीहरूको सामाजिक, साँस्कृतिक अवस्था र परम्परागत पेशाको बारेमा अध्ययनको प्रयास गरिएको छ। सामान्यतया यो शैक्षिक उदेश्य प्राप्तिका लागि गरिएको अध्ययन भएता पनि भुसाल जातिको अध्ययन र यसका सूचना तथ्यहरूभुसाल जाति सम्बन्धि विभिन्न कार्य र प्रयोजनमा श्रोतका रूपमा प्रयोग हुनेछन्। यस अध्ययनमा भुसाल जातिका विविध पक्षको अध्ययन सँगै भुसालजातिले आफ्नो परम्परागत पेशा छाडी वैकल्पिक पेशामा संलग्न हुनुको कारण र संलग्न पेशाका चुनौतिहरूको बारेमा मानवशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरीएको छ। यस अध्ययनमा भुसाल जाति मानिसहरूले किन आफ्नो परम्परागत पेशा छाडी फरक पेशामा आवद्ध भएका छन् र फरक पेशामा आवद्ध हुन प्रेरित गर्ने तत्वहरूको बारेमा पनि विश्लेषण गरिएको छ। फरक पेशामा आवद्ध हुन प्रेरित गर्ने सामाजिक/आर्थिक त्तत्व र बाह्य त्तत्वहरूको बारेमा विश्लेषण गरिएको छ। यस सँगै फरक पेशा अवलम्बन गर्दाको चुनौतिहरूको बारेमा पनि मानवशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गरिएको छ।

**मुख्य प्राप्तिहरू :**

- वि.सं १६९० सालमा हालका वशिष्ठ गोत्रिय भुसालका पूर्वज उपाध्याय भट्टराई थिए। भट्टराईको वंशावलिले उल्लेख गरेको पाल्याको 'वर्तुन' मा बस्ने भट्टराई नै भुसालहरूका पुर्खा थिए।
- पोखराचौरमा भुसालहरूको ७५ घरधुरी रहेको, जम्मा जनसङ्ख्या ४२५ मध्ये महिला २१७ र पुरुष २०८ रहेको।

- पोखराचौरमा बसोबास गर्ने भुसाल घरपरिवार मध्ये एकल परिवार २३ (३२%) र संयुक्त परिवारको सङ्ख्या ५२ (६९%) रहेको छ ।
- महिला घरमुलि भएको घरपरिवारको सङ्ख्या १३ रहेको ।
- २ जना महिलाहरू स्वास्थ्य चौकीमा अनमीको, ८ जना महिलाहरू ग्रामिया महिला स्वास्थ्य स्वयंसेविका, ३ जना महिलाहरू निजामति सेवामा ( ना.सु ), ८ जना महिलाहरू माध्यामिक तह सम्मको अध्यापन पेशामा, ७ जना महिलाहरू विभिन्न गैहसरकारी संघसस्थाहरू मा कार्यरत रहेको अवस्था छ ।
- भुसाल वंशका सातौँ पूस्ता रामभद्रको पहलमा पोखराचौरमा गुरु पाठशालाको स्थापना गरेको पाइन्छ । जसलाई हाल श्री राम मा.वि को रूपमा चिन्न सकिन्छ ।
- बिद्यालय सञ्चालनको लागि भुसालवंशको संयुक्त अधिनमा रहने गरी पोखराचौर स्थित चाँपे भन्ने ठाउँमा करिब २५ रोपनी खेत बिद्यालयको गुठीमा रहने गरी सोही खेतबाट भएको आम्दानीले शिक्षकहरू राखी बिद्यालय सञ्चालन गरिरहेको छ ।
- ७५ घरपरिवारका कुल ४२५ जनसङ्ख्या मध्ये साक्षरको जनसङ्ख्या प्रतिशत सबै भन्दा बढी (२७.५२%) रहेको भ भने पिएचडी, चार्टड एकाउनटेन्टर ईन्जिनियरिङ गर्नेको प्रतिशत सबैभन्दा कम ( क्रमशः ०.९४, १.४१ र १.६४) रहेको देखिन्छ । समान्य लेखपढ पनि गर्न नसक्ने जनसङ्ख्या ६.३५ प्रतिशत रहेका छन् ।
- कुल घरपरिवार मध्ये सबैभन्दा बढी ३४.६६ प्रतिशत घरपरिवारको स्वामित्वमा ५ रोपनी भन्दा कम जग्गा रहेको देखिन्छ भने १७.३३ घरपरिवारको स्वामित्वमा १० रोपनी देखी २५ रोपनी जग्गा जमिन रहन गएको छ ।
- पाखो जमिन कत्ति पनि नहुने घरिपरिवार १२ (१६%) रहेको छ भने पाखो जमिन सबैभन्दा बढी हुने घरिपरिवारको सङ्ख्या १२ रहेको छ भने पाखो जमिन न्यून हुने घरपरिवार २१.३३ प्रतिशत मात्र रहेको पाइन्छ ।
- ५ रोपनी भन्दा कम खेत हुने तर परिवार सङ्ख्या बढी हुने परिवारहरूले धेरै खेत भएको परिवारको खेत ठेक, अँधिया र बन्धकीको रूपमा लिएर खेती गर्दै आईरेहेको पाइन्छ ।
- क रूपमा आधुनिक कृषिप्रणाली अपनाउने घरपरिवारको सङ्ख्या ३५ रहेको छ ।

- बार्षिक न्युनतम ५० हजार सम्म आम्दानी गर्ने घरपरिवारको सङ्ख्या ५(६.६६%), ५० हजार देखी १ लाख आम्दानी गर्ने घरपरिवारको सङ्ख्या ११(१४.६६%), १ लाख देखी ३ लाख सम्म १७ (२२.६६%), ३ लाख देखी ५ लाख सम्म २४(३२%), ५ लाख देखी १० लाख सम्म १० (१३.१५%) र १० लाख देखी माथि आम्दानी गर्ने घर परिवारको सङ्ख्या ८(१०.६६%) रहेको छ ।
- यसरी समग्र रूपमा हेर्दा २७ पुरुष र ५ महिला गरी ३२ जनाको सरकारी सेवामा संलग्नता रहेको पाइन्छ ।
- अध्ययन क्षेत्रमा ३९ पुरुष र ७ महिला गरी ४६ जना वैदेशीक रोजगारको लागि अमेरीका, युरोप, खाडी तथा एशियका विभिन्न राष्ट्रमा गएको पाइन्छ ।
- सबै भन्दा बढी १७ वा (४२.५%) घरपरिवार बढी आम्दानी गर्न, १० वा (२५%) घरपरिवासामाजिक प्रतिष्ठा बढाउन र अहिले भन्दा बढी बचत गर्नको लागि १३ घरपरिवार वा (३२.५%) परिवराहरूले पेशा परिर्वतन गरेका छन्
- भुसाल जातिमाका जम्मा घरपरिवार सङ्ख्या ७५ मध्ये ४० घरपरिवार (५३.३३%) ले यो पेशा छाडेका छन भने ३५ घरपरिवार (४६.६६%) यो पेशालाई निरन्तरता दिएका छन् ।
- निरन्तरता दिएको ३५ घरपरिवारले एक दशक अगाडी सम्म जतिखेतबारीमा कृषि गर्ने गर्दथे, हाल सोको ५०% जमिनमा मात्र कृषि पेशा गर्ने गरेको । जनशत्ति/श्रमिकको अभावमा कोदो फल्ने अधिकांश बारी बाँझै रहेको र आफ्नो घर वरिपरिको खेतमा मात्र कृषि गरेको पाइन्छ ।
- यस पेशामा दुख बढीहुने र सो अनुसारको उत्पालन नहुने भएकोले यो पेशा प्रति मानिसको आर्कषण कम भएको उनीहरूको विश्लेषण ।
- कृषि पेशा प्रति युवाहरूको आर्कषण नभएकोले, युवाहरू वैकल्पिक पेशामा आवद्ध, अधिकांश युवाहरू सहरमा जागिर, व्यापार वा व्यवसायमा आवद्ध, अन्य युवाहरू रोजगारीको लागि विदेशमा गएको हुनाले कृषिको लागि आवश्यक जनशत्तिको अभावमा आगामी दिनमा कृषि पेशा नै संकटमा पर्न सक्ने संभावना ।
- तुलनात्मक रूपमा कृषि पेशा भन्दा अन्य पेशाबाट कम परिश्रममा छोटो र छिटो समयमा आम्दानी हुनु, सामाजिक प्रतिष्ठा उच्च हुनु, समाजले हेर्ने दृष्टिकोणमा

सकरात्मक परिर्वतन हुनु, तुलनात्मक रूपमा फरक पेशाबाट बढी आम्दानी र बचत हुनु र भावी पुस्तालाई बचत गर्न सकिने विश्लेषणले उनीहरूमा फरक पेशामा आकर्षित भएको बुझिन्छ ।

- राज्यले माटो सुहाँउदो उत्पादन हुने बालीको बारेमा कृषकलाई जानकारी नदिनु र माटो उर्वरशिल शक्ति घट्दै जाने, किसानको श्रम र लागत अनुसार उत्पादन नुहँदा पुराना किसान घरपरिवारले पेशा परिर्वतन गरेको अध्ययनबाट बुझ्न सकिन्छ ।
- शहरीकरण सँगै हाल नगरपालिकामा परिणत भईसकेको पोखराचौरको जमिनको मूल्य बढेको छ । त्यसैले केही परिवारहरू जमिन बेच्ने र त्यसको पैशा अरु पेशाव्यवसायमा लगाउने चलन फस्टाएको छ ।
- देशमा भएको राजनीतिक परिर्वतन सँगै यातायात सञ्चार र विद्युतिकरणमा भएको विकासले कृषिक्षेत्रमा सकरात्मक प्रभाव पार्दछ भने अर्कोतर्फ अन्य क्षेत्रमा उपलब्ध हुने रोजगारीले गर्दा कृषिक्षेत्रमा श्रमिकका अभावले कतिपय स्थान बाँझै राख्नुपर्ने अवस्था समेत सिर्जना अध्ययन क्षेत्रमा भएको पाइन्छ ।
- विगतका बर्षहरूको तथ्याङ्क हेर्ने हो भने कृषि क्षेत्र प्रत्येक बर्ष ओरोलो लाग्ने क्रममा छ, युवाहरू रोजगारीको सिलसिलामा विदेशीएका छन्, केही परिवारहरू बसाँईसराई गरेका छन् भने अधिकांश आकासे पानीको भरमा रोपाई हुने जमिनहरू बाँझिने क्रममा छन् । उल्लेखित समस्याबाट कृषि पेशामा आवद्ध भुसाल जाति पछि अछुतो रहन सकेको छैन ।
- जमिनमा स्वामित्व हुनेहरू परम्परागत खेती गरेर लगानी नउठ्ने देखेर खेती गर्न छाडेको छन् भने जमिन नहुनेहरू अरुको जमिनमा खेति गरी उत्पादनको दुईतिहाई जग्गा धनीलाई बुझाउन बाध्य छन् ।
- आधुनीक कृषि प्रणाली र नगदेबाली जस्तै : तरकारी खेती, टनेलमा टमाटरखेती, सुन्तला, कफी, लप्सी र व्यवसायीक कुखुरा र बाख्रापालन गर्दा धेरै श्रम गर्नु नपर्ने, छोटो र छिटो समयमा नगद आर्जन गर्न सकिने साथै उत्पादन गरिएको सामानहरू सहज रूपमा बिक्रि हुने र बजार सम्मको पहुँच पनि सहज भएकोले केही युवाहरू यस प्रकारको व्यवसायमा आर्कषित भएको पाइन्छ ।

## ८.२. निष्कर्ष

मानव सभ्याता विकासक्रमको सुरुवात कृषि र पुशपालन बाट भएको मानिन्छ। प्राचिन कालमा मानिसहरूले अपनाउने पेशाा उनीहरूको जातको आधारमा निर्धारण गरिएको थियो। वास्तवमा भुसाल जातिहरू भट्टराई ब्राह्मण हुन। भुसालहरूको शास्त्रीय वर्णाश्रमीय धर्म र कर्म भनेको पढ्नु- पढाउनु, वौदिक कर्म गर्नु गराउनु, दान लिनु र दिनु जस्ता ब्राह्मण कर्म हुन। भुसाल जातिहरूले विभिन्न वौद्धिक कर्महरू सँगै कृषि पेशा अवलम्बन गर्दै आफ्नो दैनिक जिवन यापन गर्दै आईरहेका छन्।

सुचना र सञ्चार प्रविधिको विकास सँगै समाजमा भित्रिएको पश्चिमा संस्कृतिको प्रभावले समुदायको रहनसहन, खानपान, लवाईखवाईमा समेत प्रत्क्षय प्रभाव पर्न थाल्यो। कृषि पेशामा भन्दा कम श्रम र लागतमा धेरै आम्दानी र सुखमय जिवनको लागि मानिसले सोच्न थाल्यो। यसरी कृषिमा लगानी गर्ने समय र श्रम वैकल्पिक पेशामा लगानी गर्दा तुलनात्मक आम्दानी बढी हुने हुँदा आफनो परम्परागत पेशा छाड्नेको दर तिव्र रूपमा बढ्न थाल्यो।

अध्ययन क्षेत्र सिधै प्रदेश राजधानी पोखरा र सदरमुकाम कुश्मा सम्म जोडिएको छ। यातायात सुविधा र विद्युत पुगेको छ। शहरीकरण सँगै हाल नगरपालिकामा परिणत भईसकेको पोखराचौरको जमिनको मूल्य बढेको छ। त्यसैले केही परिवारहरू जमिन बेच्ने र त्यसको पैशा अरु पेशाव्यवसायमा लगाउने चलन फस्टाएको छ। कृषि पेशा प्रति युवाहरूको आर्कषण नभएकोले, युवाहरू वैकल्पिक पेशामा आवद्ध, अधिकांश युवाहरू सहरमा जागिर, व्यापार वा व्यवसायमा आवद्ध, अन्य युवाहरू रोजगारीको लागि विदेशमा गएको हुनाले कृषिको लागि आवश्यक जनशक्तिको अभावमा आगामी दिनमा कृषि पेशा नै संकटमा पर्न सक्ने संभावना देखिन्छ।

## <u>अन्तरवार्ता अनुसूची:</u>

**उत्तरदाताको नाम, थर : .......................................बर्ष :.............लिंग :.............**

**ठेगाना :-** गा.पा/न.पा...............................वडा नं.:..............टोल :.....................

**१. पारिवारिक विवरण :**

जम्मा परिवार सदस्य सङ्ख्या :.........महिला :.............पुरुष :..........

**२. जातिय इतिहास :**

- तपाईको जन्मस्थल कहाँ हो ?..............................
- तपाँई यो ठाउँमा बसाँई सरेर आउनुभएको हो ?
- तपाईँ आँफै आउनुभएको भए कुन स्थानबाट कति बर्ष पहिले आउनु भएका हो ? .....................................
- बसाँई सरेर आउनुको मुख्य कारण के हो ?..................................
- तपाँई पहिलो बसोबास गरेको स्थान र हाल बसाँई सरेर आएको स्थानमा के- के कुरामा फरक पाउनु भयो ?

  क..................... ख...................... ग.........................घ .................

**३. सामाजिक स्थिति :**

- अन्य जातजातिहरुसंगको सम्बन्ध कस्तो रहेको छ ? क) राम्रो ख. नराम्रो
- यदि नराम्रो भए कुन क्षेत्रमा नराम्रो छ ? ................................................
- पेशागत रुपमा अन्य जातजातिहरु सँग कस्तो सम्बन्ध रहेको छ ? .....................
- तपाँईको परिवारको सदस्यहरूको अन्य जातिसित वैवाहिक सम्बन्ध कायम भएको छ कि छैन ? छ: छैन :
- अन्य जातिका मानिसहरूसित तपाँईको परिवारको मितेरी साइनो रहेको छ कि छैन ? छ : छैन :
- तपाँईले पुजा गर्ने मठ मन्दिरमा अन्य जातिका मानिसहरूले पनि पुजा/आरधाना गर्न पाउँछन् कि पाउँदैनन् ?.................................................

## ४. आर्थिक अवस्था :

- तपाँईको परिवारमा जग्गाजमिन के कति छ ? हल.........................................
- जमिनमा कति उब्जनि हुन्छ (मुरीमा) ?
  धान..........मकै..........कोदो..........गहुँ..........अन्य भएमा उल्लेख गर्ने ............
- आँफुले उत्पादन गरेको अन्नले बर्षभरि खान पुग्छ ?............................पुग्दैन भने कति महिना पुग्दैन ?................
- यदि पुग्छ भने बाँकी अन्न के गर्नु हुन्छ ? यदि बेच्नु हुन्छ भने कहाँ ? ............
- तपाँईले गाई/भैंसी/पंक्षी पालन गर्नु भएको छ वा छैन ? यदि भएमा ..............
- तपाँईको परिवारको औसत दैनिक आम्दानी कति छ ? ....................................
- तपाँईको परिवारको औसत दैनिक खर्च कति छ ?........................
- बचत रकम कसरि परिचालन गर्नु हुन्छ ? बैंकमा खातामा जम्मा..............ब्याजमा गाउँमा दिने.............................वा घरमै राख्ने....................?
- बैंकमा खाता खोल्नु भएको छ ? कुनै बचत ऋण सहकारीमा सदस्य हुनु हुन्छ वा छैन ?.........................................................................

## ४.१ पेशा व्यवसाय अवस्था :

- तपाँईको परिवारको परम्परागत पेशा के हो ?..........................
- हाल कुन पेशामा संलग्न हुनुहुन्छ ?.......................
- परिवारका सदस्यहरू कुन- कुन पेशामा संलग्न छन ?.................
- यदि स्वदेशमा रोजगारमा संलग्न भएको भए : कुन क्षेत्रमा कार्यरत ?................
- यदि विदेशमा रोजगारको लागि गएको भए : कुन देशमा गएको ?...................
- पेशा परिर्वतन गरेको भए, किन र कसरी पेशा परिर्वतन गर्नु भयो ? ................
- परम्परागत पेशा र हाल अवलम्बन गरेको पेशाको कारण तपाँईको जिवनमा के, कस्तो परिर्वतन आएको छ ? जिविकोपार्जनमा कस्तो सहजता भएको छ ? ..........
- परम्परागत पेशा परिर्वतन गरी हाल अबलम्बन गरेको पेशाबाट तपाँईको सामाजिक, आर्थिक हैसियतमा कस्तो परिर्वतन आएको छ ?.....................

- तपाँईले अपनाएको पेशामा घर परिवार र समुदायको दृष्टिकोण कस्तो छ ?.........

**५. शैक्षिक अवस्था :**

तपाँईको परिवारमा महिला र पुरुष सदस्यमध्ये कति जना निरक्षर र सारक्षर छन ? महिला र पुरुष सदस्यहरू मध्ये कति जनाले कुन स्तरको शिक्षा प्राप्त गरेका छन ? तालिकामा दिएको शिक्षाको स्तरहरूमा कोठामाा सङ्ख्या उल्लेख गर्नुहोस् ।

| **शिक्षा/तह** | **पुरुष** | **महिला** | **जम्मा** |
|---|---|---|---|
| **निरक्षर** | | | |
| **साक्षर** | | | |
| प्राथमिक तह उत्तीर्ण | | | |
| माध्यामिक तह उत्तीर्ण | | | |
| प्रमाणपत्र तह उत्तीर्ण | | | |
| स्नातक तह वा माथि | | | |
| जम्मा | | | |

**६. लैंगिक विभेदको अवस्था :**

- घरमुली महिला वा पुरुष ?............................................
- परिवारमा रहेको जग्गा जमिन कसको नाममा रहेको छ ? .....................
- परिवारको निर्णय प्रकृया कस्तो रहेको छ ? पुरुषको एकल निर्णय ? महिलाको एकल निर्णय ? वा सामुहिक निर्णय ? .......................................................
- परिवारभित्र कामको बाँडफाँड पति वा पत्नी मध्ये कसले गर्दछ ?...............
- तपाँईको जातिमा बालविवाह, बहुविवाह, अनमेलविवाहको चलन छ कि छैन ? ............................................
- तपाँईका जातिमा विधवा विवाह हुन्छ कि हुँदैन ?..............................
- तपाँईको परिवारमा घरधन्दा महिलाले गर्छन कि पुरुषले ? .........................
- परिवारमा आवश्यक बस्तुको खरिद/बेचबिखन कस्ले गर्दछ ? ......................

- परिवारको आम्दानी कसले परिचालन गर्दछ ? ............................................

**७. घरको संरचनाको अवस्था :**

४.१ ढुङ्गा, माटो र खरको छाना भएको /कोठाको सङ्ख्या/तल्ला

सङ्ख्याः.........................

४.२ ढुङ्गा, माटो र टिनको छाना भएको /कोठाको सङ्ख्या /तल्ला सङ्ख्या :..............

४.३बालुवा, सिमेन्ट र ईटा र रडबाट बनेको (RCC) /कोठाको सङ्ख्या /तल्ला सङ्ख्याः

.........................................................................................................

**८. खाना बनाउनको लागि प्रयोग गरिने उर्जाको स्रोत :**

दाउरा :

गोबर ग्याँस :

ग्याँस :

**९. दाउरा/घाँसपातको लागि स्रोत :**

व्यक्तिगत बन/सामुदायीक बन :

**१०. यातायताको सधान भए, कुन प्रकारको :** दुईपाँग्रे/चारपाँग्रे

**११. अन्य केही बिशेष कुरा भएमा उल्लेख गर्ने :**

**तस्विरहरू :**




भुसालहरूले आफ्नो दिवङ्गग पितृहरूको उद्धारको लागि सञ्चालन गरेको महायज्ञ ।



भुसालहरूले आफ्नो दिवङ्गग पितृहरूको उद्धारको लागि सञ्चालन गरेको महायज्ञमा सहभागीहरू ।



भुसालहरूले आफ्नो दिवङ्गग पितृहरूको उद्धारको लागि सञ्चालन गरेको महायज्ञमा सहभागीहरू ।




भुसालहरूका पुर्खा रामभद्रले स्थापना गरेको बिद्यालय श्रीराम मा.वि ।



भुसालहरूका पुर्खा रामभद्रले स्थापना गरेको बिद्यालय श्रीराम मा.विमा शिक्षक र बिद्यार्थीहरू ।



भुसाल (बाँया ) र रिजाल (दायाँ) बन्धुहरूको कुलपुजा मन्दिर ।



कुखुरा पालन व्यवसाय



आधुनिक हाते ट्रेक्टरको प्रयोग गर्दै



व्यावसायिक तरकारी खेती



उन्नत जातका बाखा पालन

## सन्दर्भग्रन्थ सूची


आचार्य, बलराम (२०६२), समाजशास्त्र तथा मानवशास्त्रको परिचय, काठमाण्डौः नेश्नल बुक सेन्टर, काठमाण्डौ, नेपाल ।

कृषि, द्वैमासिक, अंक १ (२०६३) ।

घिमिरे, हरिहर (२०५९), नेपाली समाज र सँस्कृति, काठमाण्डौ : बिद्यार्थी पुस्तक भण्डार ।

चालिसे, पुस्पराज (२०५८), नेपालको इतिहास र सभ्यता, काठमाण्डौँ : बिद्यार्थी पुस्तक भण्डार ।

जिल्ला विकास समिति, पर्वत, (२०६८), आवधि जिल्ला विकास योजना, पर्वत : जि.वि.स ।

जिल्ला विकास समिति, पर्वत, (२०६५), आवधि जिल्ला विकास योजना, पर्वत : जि.वि.स ।

पोखरेल, ईश्वर, शाखा अधिकृत, समाजशास्त्र र मानवशास्त्र ( २०७३) ।

फलेवास नगरपालिका, फलेवास नगरपालिकाको पार्श्वचित्र, (२०७५), फलेवास नगरपालिका पर्वत ।

भुसाल, टंक, (२०६१), भुसाल वंशावली- एक अध्ययन, नवलपरासी ।

शर्मा, जनकलाल (२०३९), हाम्रो समाज एक अध्ययन : काठमाण्डौः साझा प्रकाशन, काठमाण्डौ नेपाल ।

सिलवाल, सुर्दशन (२०५८), नेपालको अर्थशास्त्र, काठमाण्डौ : रत्नपुस्तक भण्डार, काठमाण्डौँ ।

सुवेदी, शिखरनाथ (२०६०), थरगोत्र- प्रवरावली, भारत : सागर शर्मा, वारणासी, भारत ।

स्थलगत अभ्ययन, अवलोकन र घरधुरी सर्वेक्षण (२०७४) ।

Uperati, Bishnu Raj & Boker- Ulrike Mullter, Livelihood Insecurity and Social Conflict in Nepal, Heidel Press Pvt . Ltd (2010) .